# पहिलो परिच्छेद

# अध्ययन पत्र परिचय

## १.१ विषय परिचय

लोकको उत्पतिसँगै लोककथाको सुरुआत भएको मानिन्छ । लोककथा लोक साहित्यको अत्यन्तै प्राचीन र लोकप्रिय विधा हो । लोकजीवनमा चल्दै र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आउने कथाहरू नै लोककथा हुन । लोककथाको अस्तित्व हरेक जाति, भाषा, धर्म, क्षेत्र र स्थानमा रहेको हुन्छ जसले जाति संस्कृति, धर्म आदिको व्याख्या गर्छ । लोककथा भन्नका लागि कुनै विशेष स्थान र अवसरको आवश्यकता पर्दैन । यो जुन स्थानमा जुनसुकै बेला पनि सुन्न र सुनाउन सकिन्छ । लोककथा बूढापाकाहरूले सुनाउने र अरुले सुन्ने गरीन्छ । लोककथाले लोकजीवनलाई बौद्धिक ज्ञान, मनोरञ्जन, दया, माया, उत्साह, वीरता, उपदेशका साथै शारीरिक तनाव हटाउँछ । लोककथाले धेरै आनन्द प्रदान गर्दछ भने यसले बौद्धिक खुराक समेत बढाउने काम गर्दछ । यो परिवेश अनुसार परिवर्तन हुँदै जान्छ । लोककथालाई सत्य मानेर भनिन्छ र सुन्नेले पनि सोही रूपमा ग्रहण गर्दछ ।

खोटाङ जिल्लाको हलेसी क्षेत्रमा छरिएर रहेका केही लोककथाको अध्ययन गरी यस्ता लोककथाको संकलन र विश्लेषणको आधारमा भविष्यमा अझ प्रगतिका लागि सुझाव दिन खोटाङ जिल्लाको हलेसी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन विषयक प्रस्तावना तयार गरीएको छ ।

## १.२ समस्या कथन

समाजमा विभिन्न प्रकारका लोक संस्कार भित्र लोककथाहरू लुकेर रहेकाछन् । अत : ती लोक कथाहरूलाई सङ्कलन र विश्लेषण गरी अध्ययलाई पुरा गर्नका लागि यस अध्ययन पत्रमा खोटाङ जिल्लाको हलेसी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण गर्नु मुख्य समस्याको रूपमा लिइएको छ :

१ खोटाङ जिल्लाको हलेसी क्षेत्रमा के कस्ता लोककथा प्रचलित छन् ?

२ लोककथाको विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र नेपाली विषयको स्नातकोत्तर दसौँ पत्र (५४०-६) पुरा गर्ने क्रममा लोकसाहित्य अन्र्तगत लोककथाको अध्ययन गर्ने

अठोट गरे । सोही अनुरूप खोटाङ जिल्लाको हलेसी क्षेत्रमा प्रचलित लोककथाको संकलन र अध्ययन गर्ने काम गरेको हुँ ।

१. हलेसी क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र अध्ययन गर्नु ।
२. सङ्कलित लोककथाको विश्लेषण गर्नु ।

### १.४ पूर्वकार्यको समीक्षा

अन्य जिल्ला र क्षेत्रमा विभिन्न व्यक्तिहरूले लोककथाको अध्ययन गरेको पाइए तापनि खोटाङ जिल्लामा प्रचलित लोककथाको अध्ययन यो भन्दा अगाडि कुनै अध्ययनकर्ताले गरेको पाइएको छैन । तसर्थ यो अध्ययन नै खोटाङ जिल्लाको लोककथाको सङ्कलनको पहिलो कार्य हो भन्न सकिन्छ ।

### १.५ अध्ययनको सीमाङ्कन र क्षेत्र

यो अध्ययन खोटाङ जिल्लाको हलेसी क्षेत्रमा पर्ने डिकुवा, बाहुनीडाँडा, च्यास्मीटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान गरी सातवटा गाबिसमा गरीएको छ । यी क्षेत्रमा प्रचलित १० (दश) लोककथालाई संकलन गरी केही कथाको विश्लेषण गरीएको छ । लोककथा संकलन गर्दा स्थानीय स्तरका पाका र जानकार व्यक्तिले दिएको सूचनाको आधारमा  संकलन गरीएको छ । यस क्षेत्रमा राई, मगर, बाहुन, क्षेत्री, तामाङ, बिश्वकर्मा, परियार, नेपाली, भुजेल जस्ता विभिन्न जातजातिको बसोवास रहेको छ । यो क्षेत्र खोटाङका अन्य गाबिसको तुलनामा सुख्खा क्षेत्रको रूपमा समेत चिनिन्छ ।

यस क्षेत्रमा पूर्वको पशुपतिनाथका नामले चिनिने हलेसीमहादेव गुफा पनि रहेको छ । जुन हिन्दू धर्म मान्नेहरूको पवित्र धार्मिक स्थल हो । यहाँ वालाचतुर्दशी र रामनवमीमा ठूलो मेला समेत लाग्ने गर्दछ । यस क्षेत्रलाई किराँत धर्म मान्नेहरूले शिव पार्वतीलाई सुम्नीमा पारूहाङको रूपमा मान्ने गरेको पाइन्छ भने, बौद्ध धर्म मान्नेहरूले गुरु रेन्पोचेले तपस्या गरी ज्ञान प्राप्त गरेको पवित्र स्थलको रूपमा लिइन्छ । यहाँ मारातीका गुम्वा समेत रहेको छ । यसरी हेर्दा यो स्थान धार्मिक त्रिवेणी बन्न पुगेको छ ।

## १.६ अध्ययन विधि

### पुस्तकालय विधि

लोककथाको संरचना, कथानक, पात्र, परिवेश, वातावरण, भाषाशैली लगायत अन्य सैद्धान्तिक ज्ञानका लागि प्राप्त भएसम्मका पुस्तकक खोजी गरी तिनको सैद्धान्तिक आधारमा लोककथाको अध्ययन र तत्वका आधारमा विश्लेषण गरिएको छ ।

### वर्णनात्मक विधि

खोटाङ जिल्लाको हलेसी क्षेत्रको गाउँ वस्तीमा पुग्ने काम भएको छ । स्थानीय स्तरमा प्रत्यक्ष गएर लोककथाको बारेमा रूची राख्ने त्यहाँका पाका र जानकार व्यक्तिलाई भेटेर उनीहरूले जानेसम्मका लोककथाको बारेमा छलफल र वाचन गराइ लोककथा संकलन गरीएकोछ ।

## १.७ अध्ययन पत्रको रूपरेखा

प्रस्तुत अध्ययन पत्रको रूपरेखा निम्न अनुसार तयार गरिएको छ :

१ पहिलो परिच्छेद : अध्ययन पत्रको परिचय
२ दोस्रो परिच्छेद खोटाङ जिल्लाको हलेसी क्षेत्रको परिचय
३ तेस्रो परिच्छेद : खोटाङ जिल्लाको हलेसी क्षेत्रमा सङ्कलित लोककथा
४ चौथो परिच्छेद : खोटाङ जिल्लाको हलेसी क्षेत्रमा सङ्कलित लोककथाको विश्लेषण
५ पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

परिशिष्ट
सन्दर्भसूची

दोस्रो परिच्छेद

# खोटाङ जिल्ला हलेसी क्षेत्रको परिचय

## २.१ खोटाङ जिल्लाको परिचय

परापूर्व कालमा खोटे नाम गरेका राजाले शासन गरेको हुनाले यसको नाम खोटा कोट भनिन्थ्यो । कालान्तरमा कोट शब्दांश लोप भई खोट मात्र रहेको र त्यसको अपभ्रंस भई यस जिल्लाको नाम खोटाङ रहेको हो, भन्ने भनाइ रही आएको पाइन्छ । पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलको पहाडी जिल्ला मध्येको एक जिल्लाको नाम हो खोटाङ । माझ किराँतको नामले प्रसिद्ध यस जिल्लामा रावाथुम सबै भन्दा ठूलो क्षेत्रफल भएको थुम हो । पूर्व ३ नम्बर जिल्लाको पूर्वी भाग र पूर्व ४ नम्बर जिल्लाको पश्चिम भूभाग मिलेर यो जिल्लामा २०१९ सालको नेपालको संविधान जारी हुनु अगाडि २ प्रशासकीय एकाइले प्रशासन चलाएको यो जिल्ला २०१९ सालपछि खोटाङ जिल्ला नामाकरण भई राज्यले घोषणा गरेकाले यस जिल्लाको अलग महत्व छ । [1]

यस जिल्लाको सीमाना यस प्रकार रहेको छ ।

पूर्व : कोसी अञ्चल भोजपुर जिल्लाको ट्याम्के, मैयूँ, मेरुङडाँडा

पश्चिम : सगरमाथा अञ्चलको ओखलढुंगा जिल्ला दूधकोसी र उदयपुर जिल्ला सुनकोसी नदी

उत्तर : सगरमाथा अञ्चल सोलुखुम्बु जिल्ला झाँक्रीबास जुबुको पानीढलो हुँदै दूधकोसी नदी

दक्षिण : सगरमाथा अञ्चल उदयपुर जिल्लाको सुनकोसी नदी

प्राकृतिक र ऐतिहासिक तथा मनोरम पहाड र नदीहरूले वेष्टित यो जिल्ला प्राकृतिक सम्पदाका दृष्टिले धनी छ । यस जिल्लामा-लाली गुराँस, चिमाल, धुपी, गोब्रे सल्ला, चिराइतो अन्य जडीबुटीहरू रहेका छन् ।  उत्तरी क्षेत्रमा साल चिलाउने, पात्ले, सानो कटुस, सिमल लगातयत विभिन्न वन पैदावारले धनी यो जिल्ला पर्यटकीय हिसाबले पनि धनी मानिन्छ । समुद्र सतहबाट करिब १५२ मिटर देखि ३,६२० मिटरसम्मको उचाइमा रहेको प्राकृतिक पर्वतमाला ट्याम्के, मैयूँ, मेरुङडाँडा, साल्पा, पत्रे, चिलिमढुङ्गा, लौरेभञ्ज्याङ जस्ता अग्ला र सुन्दर पहाडले शोभायमान छ खोटाङ । [2]

१ खोटाङ जिल्ला पार्श्व चित्र खोटाङ : जिल्ला विकास समिति २०७० पृष्ठ २१ ।

२ ऐजन पृष्ठ २२ ।

राणाकालीन समयमा राज्यले स्थापना गरेको खोटाङको जिल्ला अदालतले यस जिल्लाको दक्षिणी भागमा पर्ने हाल भोजपुरले हेर्ने आमचोकथुम र मझुवाथुम लगायत ९ वटा

थुमहरूका जनताको न्याय प्रशासन हेर्ने र जग्गा रजिष्ट्रेशन पारित गरी दिने गर्दथ्यो । २०१३ सालमा सोही खोटाङ बजारमा विकास प्रशासन सञ्चालन गर्ने गरी त्रिभुवन ग्राम विकास कार्यालयको स्थापना भयो । यो विकास प्रशासनले माथिका लगायत पूर्व ३ नम्वरका मझुवा, रावा, खाम्तेल, हलेसी, गरी जम्मा १३ वटा थुमको विकास हेर्ने गर्दथ्यो । तर प्रशासकीय काम भने पूर्व ३ नं. र पूर्व ४ नं. जिल्लाको बडाहाकिमले अलगअलग हेर्ने गर्दथे । २०२० सालमा माथिको रावा थुम सहित ५ वटा थुमको न्याय प्रशासन हेर्न राज्यले ऐँसेलुखर्कमा ईलाका अदालतको स्थापना गरेको थियो । यो जिल्लालाई २०१९ सालमा पूर्ण अधिकार सहितको प्रशासनिक जिल्लाको रुपमा नेपाल सरकारले स्थापित गरेको जिल्लाको नाम खोटाङ हो । यसरी विभिन्न रूपबाट सञ्चालित २०३२ सालको नेपालको संविधान (तेस्रो संसोधन) ले फेरि सोलुखुम्बु जिल्लाबाट १५ गाविस र भोजपुर जिल्लाबाट ४ गाविस खोटाङमा गाभेर सीमा बिस्तार भयो । यो सीमाना हालसम्म कायम रहेको छ ।

विविध जातजाति, धर्म, वर्ण र संस्कार बोकेका मानिसहरूको बसोबास भएको यस जिल्लामा सबै भन्दा बढी सङ्ख्या राईको त्यसपछि क्रमशः क्षेत्री, ब्राम्हण, नेवार, दलित र अरु जातजातिहरूको बसोबास रहेको छ । जिल्लाको मुख्य पेशा कृषि हो । ९०% मानिस कृषिमा नै निर्भर छन् । यो बाहेक वैदेशिक रोजगार, स्वदेशी रोजगार, व्यापार- व्यवसाय सहायक पेशा मानिन्छ ।[३]

## २.२ भौगोलिक अवस्थिति

अक्षांश : २६°५०" देखि २७°२८" उत्तरी अक्षांस र ८६°२६' देखि ८६° ५९' पूर्वी देशान्तर रहेको छ ।

क्षेत्रफल : १५९१ .कि.मि. (१५१.३७७ हेक्टर)

**१. भू-बनावट** सम्पूर्ण भू-भाग उतारचढाब भई भिरालो तथा समढालमा लेक क्षेत्र, कछाड क्षेत्र, बेसी क्षेत्र, बेसीटार क्षेत्र, पाखा पखेरा जंगल, खोल्सा खोल्सी, खोच र बेसी तथा अन्य प्राकृतिक सम्पदाहरूले भरिएको छ ।

**२. हावापानी** औषत ठण्डा शितोष्ण र समशितोष्ण, औषत तापक्रम अधिकतम ३० डिग्री सेन्टिग्रेट र न्यूनतम ५ डिग्री सेन्टिग्रेट, औषत वार्षिक वर्षा १४८ मिलीलिटर रहेको छ ।[४]

[३] ऐजन पृष्ठ २४ ।

[४] ऐजन २०७० पृष्ठ २५

जिल्लाको कुल क्षेत्रफल १५९१०० हेक्टर रहेको छ जसमध्ये जग्गाको भू-उपयोग विवरण निम्न रहेको छ ।

**३. खेती योग्य जमिनः**

यस जिल्लामा खेति गरिने क्षेत्रफत मध्य धनहर १४१५९.३७१०,पाखा ५१७६४.८७०५, साधारण गौचरण ८७८.८३२०, ऐलानी ५४३.७२३०, मिन्हा ८६६२३.०६५०,सिञ्चित ५९४३.०००० र असिञ्चित ६००३१.५८१५ रहेको छ । [५]

## २.३ राजनैतिक तथा प्रशासनिक विभाजन

यस जिल्लामा गाउँ विकास समिति ७२ वटा रहेकाछन् । जस मध्ये क्षेत्र नं. १ अर्न्तगत -डिकुवा, बाहुनीडाँडा, च्यास्मीटार, बडहरे, दुर्छिम, मंगलटार, महादेवस्थान, सल्ले, धितुङ, अर्खौले, लामीडाँडा, खार्पा कुभिण्डे, नुनथला, बुईपा, बिजयखर्क, राजापानी, हौंचुर, जालपा, दुवेकोल, डुम्रेधारापानी, ज्यामीरे, माक्पा, ऐँसेलुखर्क, महेश्वरी, जलेश्वरी, बाकाचोल, राखाबाङदे्ल, दिप्सुङ, सुङदेल, बाक्सीला, सप्तेश्वर, बाँसपानी, खार्ताम्छा, फेदी, पाथेका, खार्मी पर्दछन् ।

त्यसै गरी क्षेत्र नं. २ अर्न्तगत नेर्पा, चिउरीडाँडा, निर्मलीडाँडा, च्यानडाँडा, रतन्छा, मात्तिम, खिदिमा, याम्खा, टेम्मा, छितापोखरी, डाँडागाउँ, छोरम्बु, बतासे, स.छितापोखरी, चिप्रिङ, इन्द्रेणीपोखरी, बडकादियाले, सावाकटहरे, सिम्पानी, लिच्कीराम्चे, खोटाङबजार, लिकुवापोखरी, वाप्लुखा, चिसापानी, दिप्लुङ, बाराहापोखरी, काहुले, डम्वर्खुशिवालय, वोपुङ, देवीस्थान, मौवाबोटे, पौवासेरा, फाक्टाङ, साउनेचउर, सुन्तले रहेकाछन् ।

यस जिल्लामा नगरपालिका रहेको छ । जुन दिक्तेल, खाल्ले, बाम्राङ र लफ्याङ मिलि १५ वडा बनेको छ ।

## २.४ प्राकृतिक सम्पदा

### २.४.१ वन सम्पदा

खोटाङ जिल्लामा पात्ले, चिलाउने, साल, सल्ला, उत्तिस, गोब्रे सल्ला, ठिंगुरे सल्ला, ओखर, चिउरी, फलांट, लाम्पाते, साज र बुट्यानमा बयर, घंगरु, पिपिरे, पलेटी आदि । प्रमुख जंगली फूल विभिन्न रंगको लाली गुराँस, चिमाल, सुनाखरी, चाँप रहेकाछन् । त्यसैगरी प्रमुख जडीबुटी चिराईतो, मजिटो, पाँचऔंले पाईन्छ ।

[५] ऐजन पृष्ठ २९ ।

### २.४.२ प्रमुख बन्यजन्तु

यस क्षेत्रमा बाघ, भालु, चितुवा, घोरल, मृग, दम्सी, स्याल, बाँदर, बनेल, विभिन्न जातका सर्पहरू ।

### २.४.३ प्रमुख चरा चुरुङ्गी

यहाँको वन क्षेत्रमा सुगा, कालिज, जुरेली, कोईली, चिबे, कोकले, ढुकुर, रानीचरा, फिस्टा, काग, चिल, हलेसो, भ्याकुर, लाटोकोसेरो ।

### २.४.४ प्रमुख डाँडाकाडा

ट्याम्के, स्याल्मे, सुनापाताल, रूपाकोट, चिलिमढुंगा, साप्सुधाप, मैयूँडाँडा,लौरे आदि ।

### २.४.५ प्रमुख घाँटी भञ्ज्याङ

यस क्षेत्रमा तावा भञ्ज्याङ र लौरे भञ्ज्याङ जस्ता भञ्ज्याङहरू रहेकाछन् ।

### २.४.६ प्रमुख पोखरी

यस क्षेत्रमा धार्मिक एवम् पर्यटकीय दृष्टिले बराहापोखरी, छितापोखरी र सल्लेपोखरी रहेकाछन् ।

### २.४.७ प्रमुख गुफा एवम् सुरुङ

यस क्षेत्रका प्रमुख गुफा तथा सुरुङमा हलेसी गुफा, मझुवा गुफा, धनेश्वरी गुफा, गुप्तेश्वर गुफा, खाल्ले सिद्धेश्वर गुफा ।

### २.४.८ जलश्रोत

यस क्षेत्र भएर दूधकोसी, सुनकोसी, रावा खोला, साप्सु खोला, सावा खोला, बुवा खोला आदि खोलानाला रहेकाछन् ।

## २.५ जनसङ्ख्या विवरण

खोटाङ जिल्लाको कूल जनसङ्ख्या २,२७,३०६ रहेको छ भने त्यसमा महिलाको जनसंख्या १,११,७०४ र पुरुषको जनसंख्या १,१५,६०२ रहेको छ । यसै गरी कूल घरधुरी ४२,८६६ रहेको छ भने ३३१ जनघनत्व रहेको छ ।[६]

## २.६ धार्मिक अवस्था

खोटाङ जिल्लामा विभिन्न धर्ममा आस्थावान व्यक्तिहरूको वसोवास रहेको पाईन्छ । जस अनुसार ६०.६४ प्रतिशले हिन्दु, ३२.६१ ले किराँत तथा ५.७० ले बौद्ध धर्म मान्ने गरेका छन् ।[७]

[६] ऐजन पृष्ठ ३२।

[७] धनप्रसाद सुवेदी , **खोटाङ जिल्ला विगत र वर्तमान** ,काठमाण्डौं : रावासावा प्राज्ञिक समाज , २०७० ।

## २.७ जातिगत अवस्था :

जातिको आधारमा खोटाङ विविधता भएको जिल्ला हो । जस अनुसार राई ४३.१ प्रतिशत, क्षेत्री २४.७ प्रतिशत, नेवार ५.१ प्रतिसत, बाहुन ४.८ प्रतिशत, कामी ४.६ प्रतिशत रहेको छ । यसरी जिल्लाको सबैभन्दा धेरै बसोबास भएको जातिको रूपमा राई समुदाय रहेको छ भने कम जनसङ्ख्या भएको जातिमा थामी, दनुवार, बादी, लिम्बु, तथा योगी जिल्लाको ज्यादै अल्पसङ्ख्यक जातिमा पर्दछ ।[८]

## २.७ भाषागत अवस्था

खोटाङ जिल्लामा विभिन्न भाषा भाषिको वसोवास रहेको छ जस मध्य नेपाली ५६.१२ प्रतिशत, राई ३१.२७ प्रतिशत, तामाङ ३.३९ प्रतिशत, मगर ३.३८ प्रतिशत, नेवार १.७२ प्रतिशत, अन्य ४.१२ प्रतिशत [९]

## २.८ औसत कृषि उत्पादन हेक्टरमा

### खाद्यान्नवाली (दलहन)

| वाली | क्षेत्रफल (हे) | उत्पादन (मे. टन) | उत्पादन( मे.टन (हे.) | कैफियत | वाली | क्षेत्रफल (हे) | उत्पादन (मे.टने) | उत्पादन मे.टन (हे.) |
|---|---|---|---|---|---|---|---|---|
| धान | १४६१८ | २०३६३.७ | २.० | | गहुँ | १८०० | १२६०० | १.२ |
| मकै | २१६०६ | ३६१६२.३२ | १.७ | | आलु | २७९० | ३३४८ | ७.० |
| कोदो | १३६०० | ५४४० | ०,४ | | | | | |

### खाद्यान्न वाली (तेलहन)

| वाली | क्षेत्रफल (हे) | उत्पादन (मे टन) | उत्पादन मे.टन (हे.) | वाली | क्षेत्रफल ( हे) | उत्पादन (मे टन) | उत्पादन मे.टन ( हे.) |
|---|---|---|---|---|---|---|---|
| तोरी | ९४६ | ७०१.८ | ०७ | मास | १७२५ | १८९७.५ | १.० |
| भटमास | ११५ | १६२ | १.४ | बदाम | १६ | २५.६ | १.६ |

[८] ऐजन पृष्ठ ३६।

[९] ऐजन पृष्ठ ३७।

**नगदे वाली (फलफूल)** [10]

| बाली | कभरेज क्षेत्र | उत्पादन (मे.टन) | उत्पादन ( मे.टन/ हे.) | बाली | कभरेज क्षेत्र | उत्पादन ( मे.टन) | उत्पादन (मे.टन(हे.) |
|---|---|---|---|---|---|---|---|
| सुन्तला | ३१२ | २२२७ | ७.५ | हिउंदे फलफूल | १२७ | ८८९ | ७.० |
| वर्षे फलफूल | २३३ | १६३१ | ७.० | तरकारी बर्षे | ४५० | ३३७५ | ७.५ |
| तरकारी हिउँदे | ७८० | ५४६० | ७.९ | | | | |

## २.९ शैक्षिक संस्था

| शैक्षिक संस्था *(तह समेत)* | संख्या |
|---|---|
| स्नातकोतर | २ |
| स्नातक तहको क्याम्पस | ७ |
| १०+२ उच्च मा.वि.(निजी स्तरको समेत) | २० |
| +२ | १ |
| माध्यमिक विद्यालय निजी स्तरको समेत | ६४ |
| निम्न माध्यमिक विद्यालय | ८७ |
| प्राथमिक विद्यालय (संस्थागत समेत) | ३३० |
| बाल विकास केन्द्र | २९६ |
| सामुदायिक अध्ययन केन्द्र | ३ |
| वैकल्पिक विद्यालय | १२ |
| स्रोत केन्द्र | २७ |

## २.१० स्वास्थ्य सेवा

खोटाङ जिल्लामा रहेका स्वास्थ्य कार्यालय : खोटाङ अस्पताल १५ शैया १ रहेको छ । त्यस्तै प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी १०, उप स्वास्थ्य चौकी ६३, जिल्ला आयुर्वेद केन्द्र १, जिल्ला आयुर्वेद औषधालय २ रहेकाछन् । त्यस्तै सामुदायिक तथा प्राइभेट स्वास्थ्य संस्था जनसेवा सामुदायिक अस्पताल जालपा १, हलेसी पोलिक्लिनिक

दिक्तेल १,आँखा उपचार केन्द्र दिक्तेल/ महादेवस्थान २,दाँत उपचार केन्द्र दिक्तेल १ संचालनमा छन् ।

## २.११ सूचना तथा सञ्चार

खोटाङ जिल्लाको सञ्चार प्रणालीको बारेमा हुलाक सेवा, निजी कुरियर, टेलिफोन सेवा, फ्याक्स इमेल इन्टरनेट, वेबसाइट, छापा पत्रिका तथा इलेक्ट्रोनिक मिडिया तथा एफ. एम रेडियोहरू सञ्चालनमा रहेको छ ।

**सञ्चार**

१, यस जिल्लामा जिल्ला हुलाक कार्यालय १, इलाका हुलाक ११, अतिरिक्त हुलाक ६४ र टेलिसेन्टर ५ रहेकाछन् ।

२, टेलिफोन लाइन

**जिल्लामा वितरित टेलिफोनको विवरण** [११]

| PSTN | V-SAT | Marts line | NT Set | नमस्ते | स्काई प्रिपेड | स्काई पोष्टपेड | C phone | जम्मा | फ्याक्स | ईमेल / ईन्टरनेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७०० | ५ | २ | ४ | ४००० | ७००० | ५०० | ४६० | १२०२२ | ३२५ | २५० |

### ३, रेडियो

१, रूपाकोट सामुदायिक रेडियो दिक्तेल
२, हलेसी एफ.एम दिक्तेल

### ४, छापा पत्रिका (हाल प्रकाशनमा रहेका)

१, हलेसी खबर साप्ताहिक
२, खोटाङ खबर साप्ताहिक
३, रूपाकोट खबर पत्रिका साप्ताहिक
४, नव संम्बाद पाक्षिक

## २.१२ वित्तीय संस्था

राष्ट्रिय वाणिज्य बैंक दिक्तेल (शाखा १, उपशाखा १)
कृषि विकास बैंक १ रहेकाछन् ।

११ ऐजन पृष्ठ ३६ ।

### १. निजी बैक

खोटाङ जिल्लामा रहेका निजी बैंक तथा लघुवित्त कम्पनीमा सालपा विकास बैंक केन्द्रीय कार्यालय, दिक्तेल ,ज्योति विकास बैंक शाखा कार्यालय, दिक्तेल ,बैक अफ् काठमाण्डौं शाखा कार्यालय, दिक्तेल, सेन्चुरी कमर्सियल बैंक शाखा कार्यालय, दिक्तेल रहेका छन् । त्यस्तै लघुवित्तमा : महुली सामुदायिक लघुवित्त वितीय संस्था लिमिटेड, डिप्रोक्स विकास परियोजना सूचना केन्द्र निर्धन उत्थान बैंक लिमिटेड, सामुदायिक लघुवित्त वित संस्था लिमिटेड

### २. सहकारी संस्था

खोटाङ जिल्लामा संचालनमा रहेका सहकारी संस्थाहरू निम्न रहेकाछन् ।
वचत तथा ऋण सहकारी संस्था, बहुउद्देशीय सहकारी संस्था, उपभोक्ता सहकारी, कृषि सहकारी, साना किसान कृषि सहकारी संस्था लिमिटेड, दुग्ध सहकारी संस्था लिमिटेड रहेकाछन् ।

### २.१३ जिल्लामा लाग्ने प्रमुख हाट बजारहरू

| स्थान | हाट लाग्ने दिन | स्थान | हाट लाग्ने दिन |
|---|---|---|---|
| दिक्तेल | शनिबार र बुधबार | बुइपा | शुक्रबार |
| अर्खौले | सोमबार | खोटाङ बजार | शनिबार |
| बाक्सिला | बुधबार | दोबेला | पञ्चमी |
| मात्तिम | औंसी र पूर्णिमाको दिन | सप्तेश्वर छितापोखरी | पञ्चमी |
| चिसापानी | शनिबार | ऐँसेलुखर्क | शनिबार |
| जालपा | शुक्रबार | टेम्मा | शनिवार |

### १.१४ जिल्लाको प्रमुख धार्मिक स्थलहरू

| धार्मिक स्थल | स्थान | धार्मिक स्थल | स्थान |
|---|---|---|---|
| हलेसी | महादेवस्थान हलेसी | बुद्धेश्वर महादेव स्थान | लफ्याङ |
| गुप्तेश्वर महादेवस्थान | दिक्तेल | सिद्धेश्वर महादेवस्थान | खाल्ले |
| पेमा छ्योलिड | बाकाचोल | कालिका भगवती | खोटाड बजार |
| बराहापोखरी | बराहापोखरी | डंकिनी महादेवस्थान | छितापोखरी |
| चर्च (गिर्जाघर) | चिउरीडाँडा | देवीको मन्दिर | रामदुवाली रतन्छा |
| मारातीका गुम्वा | महादेवस्थान | फुल्छोकलिक गुम्बा | बाक्सिला |
| उर्गेन छ्यालिड | बाकाचोल | आहालडाँडा गुम्बा | ऐँशेलुखर्क |

## १.१५ विद्युत सेवा

खोटाङ जिल्लामा रहेको ठूला कोसीहरूमा सुनकोसी, दूधकोसी, तथा साना खोलाहरूमा रावा, सावा, साप्सु लगायत विभिन्न खोला नालाहरू रहेका छन् । जसमा विद्युत् उर्जाको प्रयाप्त संभावना रहेको छ । जिल्ला विकास समिति खोटाङको जिल्ला आवधिक योजना मार्फत ५ वर्ष भित्रमा जिल्लाको सम्पूर्ण गाविससम्म पुऱ्याउने लक्ष्य रहेको छ । हाल खोटाङ जिल्लाको दिक्तेल, बुइपा, बाम्राङ, राजापानी, बिजयखर्क, भडारेघाट, नुनथला, अखौंले, खार्पा, जालपा, नेर्पा, दोर्पा, लफ्याङ, खाल्ले लगायत ३७ गा.वि.स.मा विद्युत्‌को केन्द्रीय प्रसारण लाइन पुगेको छ । ३७ गा.वि.सहरू को ९९९२ घर धुरीमा विद्युत् लाइन प्रसारण भएको छ । ११ के.भि.ए. केन्द्रीय विद्युत् प्रसारण लाइनलाई स्तरोन्नतीको लागि बुइपामा सव स्टेसन निर्माण गरी ३३ के.भि.ए.प्रशारणको क्षमता बढाइएको छ । निजी क्षेत्रको लगानीमा साप्सु खोलामा १ मेघावट र रावा खोलामा ६.५ मेघावाट जलविद्युत् निर्माणको लागि कार्य प्रारम्भ भएको छ भने विभिन्न खोलानालाहरूबाट लघु जलविद्युत अर्न्तगत १ मेघावाट भन्दा बढी क्षमताको परियोजना सञ्चालनमा रहेको छ ।

## १.१६ यातायात

### १ सडक

सगरमाथा राजमार्गको गाईघाटदेखि दिक्तेल खण्ड २०५२ सालदेखि खन्न सुरु भएकोमा हालसम्म यस सडक उदयपुर जिल्लाको खाँबुमा रोकिएको छ । यस सडकले कुनै गति लिन नसकेकोमा खोटाङबासी चिन्तित छन् । यसैले खोटाङबासीकै प्रयासमा स्वीस विकास सहयोग नियोगले दिक्तेल-जयराम सडकखण्डमा पर्ने नुनथला गाविसको मौरेबाट उदयपुर जिल्लाको फोक्सिङटार ४९ कि.मि. धुले सडक खन्ने कार्य पुरा गरी सकेको छ । यति हुँदा हुदै पनि जयरामघाट दिक्तल सडक खण्ड ८२.४८ किलोमिटर र दिक्तेल च्यानडाँडा (भोजपुर जोड्ने) सडक ४८ किलोमिटर कच्ची सडक भने हिँउद समयमा सञ्चालनमा छ । हाल यसै वर्षबाट हलेसी दिक्तेल सडक खण्डको ग्राभेलिङ कार्य अगाडि बढाउन जग्गाको मुआब्जा दिने प्रकृया सुरु गरीदै छ । साथै ठेक्दारहरू यस क्षेत्रलाई ३ खण्डमा विभाजन गरी सडक निर्माण कार्यलाई अगाडि बढाउने कार्यमा तयारी अवस्थामा रहेको छ । त्यसैगरी जिल्ला यातायात गुरुयोजना निर्माण गरीएको छ भने यसै वर्षबाट हुर्लुङ ऐँसेलुखर्क मोटरबाटो पनि स्वीस सहयोग नियोगबाट खन्ने तयारी गरिएको छ । अहिले जिल्लामा राष्ट्रिय, जिल्ला स्तरीय, ग्रामीण सडक गरी २५८.८ कि.मि. सडक बनेको छ जसमध्ये १७९.५ कि.मि सडकमा यातायात सुविधा छ ।

### २ हवाइ सेवा

द्रुत यातायात सेवाको लागि यस जिल्लामा ३ वटा हवाई यातायताको लागि विमान स्थल सञ्चालनमा रहेका छन् जसले गर्दा खोटाङे जनताले जटिल स्वास्थ्य

उपचारको लागि तत्काल राजधानी तथा विराटनगरका अस्पतालहरूमा जान सहज भएको छ ।
१, लामिडाँडा विमानस्थल २, थामखर्क विमानस्थल ३, मनमाया राई खानीडाँडा विमान स्थलहरू निम्न प्रकार छन ।

निष्कर्ष

सगरमाथा अञ्चलका ६ जिल्ला मध्येको एक जिल्लाको रूपमा रहेको छ खोटाङ जिल्ला । यसै जिल्लाको हलेसी क्षेत्रमा प्रचलनमा रहेका लोककथालाई संङकलन र अध्ययन गर्ने कार्य यो अधययन पत्रमा गरिएको छ । साथै यस क्षेत्रमा भएका क्षेत्रगत विषयहरूलाई समेट्ने कोशिस यस अध्ययन पत्रमा गरिएको छ ।

तेस्रो परिच्छेद

खोटाङ जिल्लाको हसेसी क्षेत्रमा सङ्कलित लोककथा

# ठेगा

धेरै पहिलेको कुरा हो । खोटाङ जिल्लाको डिकुवा गाउँको भुम्जू डाँडामा ठेगा नाम गरेको एउटा क्षेत्री बस्दथ्यो । उसको बाबु मरिसकेको हुनाले ऊ र उसकी आमा मात्र थिए । आमा धेरै बूढी हुनाले बडो कष्टले हिँड्डुल गर्ने गर्थी । आमा सधैँ छोराको विषयमा चिन्ता लिन्थी र भन्ने "गर्थी -यसका बाबु मरिगए । म पनि कमजोर छु । यो छोराले कसरी गरि खाला ?"

दिन दिनै ठेगा पनि बढ्दै गयो । उसलाई आफ्नो नाम नराम्रो लाग्न थाल्यो । उसका साथीहरूको नाम राम, श्याम, हरि, सुन्दर यस्तैयस्तै थियो । एक त ऊ टुहुरो त्यसै हेपिएको त्यसमाथि सवैले उसलाई ठेगा-ठेगा भनी बोलाउँथे । अर्को कुरा यो ठेगा नामसँग उसलाई निकै रीस उठेको थियो । ऊ केही बुझ्ने भएपछि आफ्नो नामको विषयलाई लिएर कस्तो अर्थ नलाग्ने नाम राखिदिए भनेर पुरोहितसँग रिसाउँथ्यो ।

बिस्तारै ऊ चौध वर्ष लाग्यो । उसले अब एउटा राम्रो नाम खोज्ने विचार गऱ्यो र यताउति भौतारिन थाल्यो ।

केही दिनपछि बाटोमा हिंड्दै गर्दा उसले एउटा मुर्दा मसानघाट लाँदै गरेको भेटाएछ । उसले को मरेको रहेछ बुझौं भनेर सोध्यो । कुनै व्यक्तिले जवाफ दिएछ । यो मर्ने  अमर हुन भनेर । ऊ त्यस समयसम्म केही कुरा बुझ्ने भइसकेको हुनाले सोच्यो अमर पनि मर्छ त ? अमर भनेको कहिल्यै नमर्ने,  ननासिने हुनुपर्ने । उसको मनमा यस्तै विचार पलाएछ ।

ऊ फेरि अगाडि बढ्दै गयो । केही दिनपछि उसले धान झारेर छोडेको खलोमा छरिएका धानका दाना टिपिरहेकी एक युवतीलाई देख्यो । यसले आफू राम्रो नामको खोजीमा घरबाट निस्केको बतायो । उनको पनि नाम जान्ने विचार गर्यो र ती युवतीको नजिकै गएर तिम्रो नाम के हो ? भनी सोध्यो । ती युवतीले मेरो नाम लक्ष्मी हो भन्ने जानकारी दिइन् । ठेगा झन् आश्चर्यमा पऱ्यो । जसको नाम लक्ष्मी छ उनको काम भने छरिएका दुई-चार गेडा धानको लागि खलो बढार्ने ? उसलाई यो नाम पनि मन परेनछ ।

ठेगा फेरि अर्को राम्रो नामको खोजीमा हिँड्यो ।  केही दिन हिँडेपछि उसको भेट एकजना माग्ने बूढासँग भएछ । त्यो माग्ने व्यक्तिसँग पनि उसले आफू राम्रो नामको खोजीमा हिँडेको कुरा बतायो र उसले माग्नेको नाम पनि सोध्यो । माग्नेले आफ्नो नाम धनपति रहेको कुरा बतायो । अब भने ठेगा निकै निरास भयो । नाम भने धनपति छ तर काम भने भीख मगा । अहो यो त सबै उल्टै मात्र भइरहेछ । ऊ आश्चर्यमा पऱ्यो र मनमनै विचार गऱ्यो -धनधान्यले पूर्ण मानिने लक्ष्मी खलो बढार्दैछिन् । जसको नाम अमर छ ऊ मरेकै छ । जो धनहरूको मालिक भएर पनि भीख मागेर आफ्नो जीवन चलाउँदै छ भने म मात्र के राम्रो नाम खोज्दै हिँडेको होला भन्ने मनमा परेछ र आफूले देखेभोगेका कुरालाई श्लोक बनाएर घरमा रहेकी बूढी आमालाई सम्झेर आफ्नो घर फर्किएछ ।

लक्ष्मी खलो बढार्ने, धनपति माग्ने भीख ।
अमर ती स्वर्ग गएका, मेरो नाम ठेगा ठीक ॥

स्रोतव्यक्ति : बडहरे गाबिस वडा नं ३ बस्ने वर्ष ५५ का श्री शेषकुमार पौडेल

# मूर्ति

धेरै पहिलेको कुरा हो । एक जना ऋषि र उनकी पत्नी वन विहारका लागि गएछन् । धेरै समय वन विहार गरेपछि एक दिन जंगलको बीचमा रहेको सुन्दर तलाउको नजिकमा पुगेछन । त्यहाँ माछाहरू पौडिरहेका थिए । त्यो आश्चर्य पूर्ण दृष्य देखेर ऋषि पत्नीले ऋषिलाई सोधिछन । यी माछाहरू किन  खुशी देखिन्छन ? । तव ऋषि भन्दछन् " हो यही आनन्द हो" । यिनीहरूलाई शत्रुको भन्दा अरू चिन्ता छैन । यी आहाराका लागि लुब्ध पनि छैनन् । पाए खान्छन नत्र आनन्द रमाउँछन् । यो कुरा सुनेर ऋषि पत्नी अचम्ममा परिन् ।

केही समयपछि उनीहरू फेरि अर्को जंगलमा पुगेछन् । त्यहाँ त एक जना व्यक्ति ढुङ्गामा छिनोले खोपेर सुन्दर मूर्तिहरू बनाइ रहेको भेटिन्छ । त्यो दृष्य पनि ऋषि पत्नीका लागि अद्भूत थियो । यो अनकन्टार एकान्त वनमा यस्तो वृद्ध अवस्थामा पनि यो मानिस के काम गरिरहेछ  र कसरी गरीरहेछ भन्ने कुरा जान्ने ईच्छा गरिन र उनले सोधिन् -तपाइँको हुनुहुन्छ ? ती बृद्धले सहज उत्तर दिए "म एक साधारण मानिस हुँ ।" म यो बाटो आउँदा यस मूर्तिले मलाई बोलायो । मूर्ति विचरा ढुङ्गोभित्र छोपिएर बसेको रहेछ । म यो निकाल्न बस्दा फेरि अर्को र फेरि अर्कोले मलाई पनि बाहिर निकाली दिनुहोस् भनेर अनुरोध गरे र तिनै मूर्तिहरूलाई निकाल्दा-निकाल्दा आज मेरो यो उमेर भयो । अव म धेरै बूढो भएँ । यो सानो मूर्ति बाहिर आएपछि म घर जान्छु भन्यो ।

उनले अझै ध्यान दिएर हेरिन् "अहो कति धेरै मूर्तिहरू, अनि कति सुन्दर पनि । उनले मूर्ति कसरी बन्दो रहेछ हेरौं भनेर ऋषिलाई अनुरोध गरिन् ।" ऋषिले पनि यो कुरालाई स्वीकार गरे ।  उनीहरूले त्यो वृद्ध मानिसले बनाएका मूर्तिलाई ध्यान दिएर हेरे ।

ऋषि पत्नीलाई दया लाग्यो र यो गरीबको उद्धार गरौ भन्ने चाहना भयो । उनले ऋषिलाई केही धन दिई यसको उद्धार गरौँ भनिन । ऋषिले हुन्छ भने र रातको समयमा एउटा सुनको छिनो र हथौडा उसले बनाउँदै गरेको मूर्ति नजिक राखिदिए ।

भोलिपल्ट बिहान त्यो वृद्ध मानिस त्यहाँ आयो र आफ्नो काममा लाग्यो । उसले आफ्नो छेउमा भएको सुनको  हथौडा र छिनो पनि देख्यो  । त्यसलाई उसले ओल्टाइ-पल्टाई हेर्‍यो र भन्यो मेरो छिनो र हथौडा त पुरानो भइसकेको थियो । यो नयाँ जसले ल्याएर राखिदियो, उसलाई धन्यवाद छ । तर ऊ बुद्धि नभएको स्वाँठ व्यक्ति हो भनेर

गाली गऱ्यो । यो सुनेर ऋषि र उनकी पत्नी छक्क परे । आफ्नो अगाडि सुनको सामग्री पाउँदा पनि ऊ सन्तोष छैन किन होला ? गुरुले यो कुरा जान्न चाहे ।

वृद्धले भने तपाईँ को हुनुहुन्छ म जान्दिन । अज्ञानताले गरेको गल्ती पनि क्षमा हुन्छ भन्छन् । म पनि उसले गरेको गल्तीको क्षमा दिन्छु । विचरा उसलाई के थाहा, मूर्ति बनाउनका लागि ढुङ्गो काट्ने औजार सुनको होइन  फलामको चाहिन्छ भन्ने कुरा । उसले यति भनेर त्यो सुनको छिनो र हथौडालाई अलि परको मूर्ति नजिकै पुग्ने गरि फालिदियो । र, भन्यो जसले दिएको हो उही लगोस् । म आफूलाई काम नलाग्ने सामान किन राखौं । त्यसै त आफू बूढो छु । आफ्नै सामान मैले कसरी बोक्नु ? झन् यो पनि बोक्नु पऱ्यो भने  भने त मेरो भारी मात्र बढ्छ ।

त्यस वेला ऋषि हाँसिरहेका थिए र उनकी पत्नी छक्क पर्दै यो सबै दृष्यलाई हेरिरहेकी थिइन् । ऋषि सम्पूर्ण संसारिक कुरा बुझ्दथे तर भने पत्नीले यो बारेमा केही बुझेकी थिइनन् ।

ऋषि पत्नीले पुनः बृद्धलाई सोधिन् “तपाई कसरी यति राम्रा मूर्ति बनाउन सक्नु हुन्छ ?” वृद्धले हाँसेर जवाफ दिए हे नानी तिमी को हौ र कहाँबाट यहाँ आएकी हौ म यो कुरा जान्दिन तर यति कुरा बुझ मैले पहिल्यै  भनिसकेको छु । यी मूर्तिहरू मैले बनाएको होइन । यी मूर्तिहरू त पहिल्यै ढुङ्गाभित्र यस्तै गरी बनेरै बसेका थिए । बिचरा यिनलाई अरू ढुङ्गाले समेत छोपेर राखेको हुनाले मैले यो मूर्तिलाई छोप्ने ढुङ्गालाई छिनो र हथौडाले हटाउने वित्तिकै यो बाहिर आयो ।

हे नानी तिमी यति कुरा बुझ किन यति विस्तारै यसलाई हिर्काउँदै छु भने मेरो दुस्मनी यी विकामे ढेङ्गासँग छ । यी मूर्तिसँग कदापि होइन । यसो हुनाले मैले यी विकामे ढुङ्गालाई हिर्काउँदा भित्रको मूर्तिलाई चोट लाग्छ चोट नलागोस् भनेर मात्र मैले बिस्तारै हिर्काएको हुँ । जव मूर्तिलाई चोट लाग्छ । ऊ बेस्सरी चिच्याउँछ । कारण ऊ पनि म जस्तै हो । मलाई यो बेमानी छिनाले अस्ति हात चेप्दा निकै पीडा दिएको थियो । त्यो कुरालाई म कदापि भुल्दिन ।

वृद्ध व्यक्तिको भगवान् प्रतिको आस्था र विश्वास अनि लोभ , लालचीलाई त्यागेको र यो उमेरमा पनि यस्तो लगाव देखेर वृद्धप्रति ऋषिलाई दया लाग्यो र ती वृद्धलाई ऋषिले युवा बनाइ दिए । ती वृद्ध पनि आफू युवा भएको र सुनको छिनो र हथौडा पनि रहेको हुनाले एउटा घर त्यही बनायो र अरू व्यक्तिलाई समेत मूर्तिकलाको सीप सिकायो । यो लगाव देखेर ऋषिले ती मूर्तिमा प्राण भरिदिए । ऋषिको शक्तिले मूर्तिलाई जीवित गराए पछि देवताको रूपमा मूर्तिहरू मन्दिर र चोकमा स्थापना गर्न थालियो । जुन परम्परा आज पनि चलिरहेको छ ।

स्रोतव्यक्ति : मंगलटार गाबिस वडा नं. ५ बस्ने वर्ष ४९ को जुद्धबहादुर पुलामी मगर

# अल्छीको विजय

एकादेशमा एउटा अल्छे व्यक्ति थियो । ऊ अल्छ्याइँका कारण कुनै पनि काम गर्दैन थियो । यसो हुनाले उसले जीवनमा  प्रगति गर्न सकेको थिएन । ऊ सधैँ घरमै बसिरहन्थ्यो सँगैका साथी भाइहरू देश विदेश गरीसक्दा पनि अल्छीका कारण उसले घर छोड्न सकेको थिएन ।

एक पटक अल्छीहरूको सम्मेलन हुने भएछ। यो खबर उसले पनि थाहा पाएछ। उसलाई पहिले त घर छोड्न मन लागेन छ । तर पनि के कस्ता अल्छेहरू आउँदा रहेछन् । त्यसबारेमा आफूलाई पनि जानकारी हुने ठानेर त्यो कार्यक्रममा भाग लिन गएछ। घरबाट कहिल्यै पनि नहिंडेको हुनाले उसलाई हिँड्न समेत धेरै अल्छी लागिरहेको थियो। केही दिनको हिँडाइपछि उ सम्मेलन स्थानमा पुग्यो , र पछाडिको मेचमा गएर बस्यो ।

कार्यक्रम सुरु भयो। कुनकुन ठाउँबाट के कस्ता अल्छेहरू आए भनेर बिवरण लिइयो। सबैले आफ्नो बारेमा लेखे। ठूलो समारोहका बीच सम्मेलनको उद्घाटन गरीयो । त्यसपछि अल्छी प्रतियोगिताको कार्यक्रम सुरु भयो ।

उद्घोषकले उद्घोष गरे, “लौ अब सबैभन्दा धेरै अल्छे को हुनुहुन्छ हात उठाउनुहोस् भने ।” उनको उद्घोष लगत्तै सबैले हात उठाए। तर एकजना अल्छेले भने हात उठाएन। त्यो देखेर उद्घोषक लगायत अरू पनि छक्क परे। उद्घोषकले उनलाई सोधे, “तपाइँले किन हात नउठाउनु भएको ?” ती अल्छेले स-गर्व भन्यो, “मलाई त हात उठाउँन पनि अल्छी लाग्छ। ”

त्यो कुराबारे सभाका गन्ने मान्ने व्यक्तिले छलफल गरे र यो भन्दा अल्छी अरू हुनै नसक्ने ठहर गरी उसैलाई नै विजयी घोषणा गरे ।

स्रोतव्यक्ति : बाहुनीडाँडा गाबिस वडा नं. ५ निवासी वर्ष ६१ को आइते माझी

# एक उपाय तीन वर

कुनै गाउँमा एक जना अन्धा मानिस थिए । उनी गरीब र निसन्तान पनि थिए । उसकी एउटी जहान पनि थिई । घरको अवस्था कमजोर भएका कारण जीवन धान्नका लागि ती दुई प्राणीलाई निकै कष्ट थियो ।

विवाह भएको यतिका वर्ष बित्दा पनि सन्तान नभएकोमा बूढीलाई आफ्नो भविष्यको बारेमा सधै चिन्ताले सताइरहन्थ्यो । बूढी जो घरमा आए पनि सन्तान प्राप्तिको उपायबारे सबैलाई सोध्ने गर्दथी । बूढो पनि कहिलेकाहीँ आफ्नो भविष्यको चिन्तामा डुब्थ्यो ।

एक दिन बूढी काममा गएको समयमा घरमा एउटा जोगी आयो ,र हरहर महादेव भिक्षा देही भन्दै आलख जगायो । बूढाले यो कुरा सुने पनि ऊ अन्धो भएको कारण भिक्षा दिन सक्दैनथ्यो । बूढाले जोगीलाई भन्यो, “म अन्धो छु , बूढी घरमा छैन । मलाई भान्छामा पुऱ्याए केही भिक्षा दिने थिए ।” जोगीले बूढाको कुरा बुझेर भान्सामा लिएर गयो । भान्सामा बेलुकाको खानाका लागि केही सामल थियो । बूढाले त्यो सामल जोगीको हातमा राखिदियो । जोगीले त्यो भिक्षालाई आफ्नो कमण्डलुमा राख्यो ।

जोगीले अन्धो मान्छेको अवस्था देखी एउटा मात्र वर माग्न भन्यो । बूढाले धेरै बेर सोच्यो “के वर मागूँ । एक आफू अन्धो छु । अर्को सन्तान छैन । तेस्रो गरिब छु । सन्तान प्राप्त भएमा पछि मलाई उसले पाल्छ । धन भएमा त्यही धनको लोभले पनि कसैले न कसैले मलाई र बूढीलाई पाल्न सक्छ ।” उस्तै बूढाले गम खाएकै बेलामा सरस्वती प्रकट भइन् र बूढालाई बिस्तारै कानमा भनिन् “मेरा आँखाले तीनतले घरको झ्यालबाट आँगनमा बसेर सुनको थालीमा छोराले भात खाएको देख भन भनिन् ।”बूढाले सोही अनुसारको वर माग्यो । जोगीले तथास्तु भन्दै डमरु बजायो ।

त्यससछि बूढाका आँखा खुले । उसले आफ्नो अगाडि तीनतले घर र त्यहीँ घरको बिचको तलाको एउटा झ्यालमा आफूलाई बसिरहेको पायो । यसो भुइँमा हेरेको त सुनको थालीका एउटा बालकले भात खाइरहेको देख्यो । धन-सन्तान प्राप्त भई आफ्नो अन्धोपन हराएकोमा बूढो धेरै खुसी भयो । उसले जोगीलाई धन्यवाद दिन खोज्यो, त्यसबेला जोगी अर्न्तध्यान भइसकेको थियो । सरस्वतीको कृपा र जोगीको आशिर्वादले बूढी र छोराको साथ बूढो पनि आनन्दले जीवन बिताउन थाल्यो ।

स्रोतव्यक्ति : डिकुवा गाबिस वडा नं. ४ बस्ने वर्ष ४९ को मानबहादुर खत्री

# जयपति थानी

धेरै पहिले ढकाल थरका एक जना ज्योतिष थिए । उनी निकै सिपालु ज्योतिष भएका कारण उनका धेरै जजमानहरू थिए । उनी जजमानी कार्यमा सधैं जुटिरहन्थे । उनी एक दिन जजमानी गर्नका लागि कुनै गाउँमा जाँदै थिए । वर्षा यामको समय थियो । त्यो वेला खोलामा साँघु नहुँदा खोला तरेरै जानु पर्थ्यो । सधैं तरिरहेको खोला न हो के तर्न नसकिएला र भन्ने ठानेर ती बाहुन बाजे खोलामा पसे । हेर्दा-हेर्दै उनलाई खोलाले बगाएर लग्यो । वरिपरि देख्नेहरूले बाहुन बग्यो भन्दै कराउन थाले ।

उता जजमानहरू पूजाको सामान तयार गरेर पुरोहितको पर्खाइमा थिए । साँझको समयमा ती नै पुरोहित जयपति पुगेर पूजा लगाए । जब पुजा सकियो बाहुन त गायव भए । सबै छक्क परे । यताउति खोजे रात परिसकेको हुनाले त्यो दिनमा उनी भेटिएनन् । भोलिपल्ट उनको शव खोलाको बगरमा भेटियो । परम्पराअनुसार उनको सद्‌गत गरीयो ।

त्यसपछि उनी जागे भन्ने सुनियो । उनी आफ्नो खेत-वारीमा पानी लगाइ रहेको अवस्थामा उनको नोकर बले घर्तीले उनलाई भेट्टायो र भनेछ ,"वाजे तपाइँ त मरेको मान्छे, फेरि कसरी पानी लगाउनु हुन्छ ।" उनले भने, "हेर केटा मेरो वारेमा कसैलाई नभन्नु नि म जागेको छु । म सधैं यो खेतमा पानी लगाउँछु , यो कुरा तैले कसैलाई नभन्नु बुझिस् । जुन दिन तैले यो कुरा अरूलाई भन्छस् त्यो दिन तेरो पनि मुत्यु हुनेछ " भन्ने जानकारी दिए ।

यही क्रमले चलिरह्यो । उनी खेतमा सधैं जाने र पानी लगाउन थाले । घर्ती पनि पानी लगाउन खेतमा जान छोडेको थियो । कारण बाजेले पानी लगाइ हाल्थे ऊ किन पो जानु र ?  घरमा एक दिन घर्तीकी जहानले सोधी, "हैन तिमी किन पानी लगाउन जाँदैनौ हँ ?" ऊ आफैं फल्छ भन्ने उत्तर दिन्थ्यो ।

त्यही खेतको बीच भागमा एउटा गोठ थियो । रात-विरात बाटो हिँड्ने र भरियाहरू त्यही बास बस्थें । त्यो गोठ अरू बेला सुनसान जस्तै हुन्थ्यो । जव बाजे मरे त्यसपछि त्यो गोठ पनि अचम्मको रूपमा देखा पर्यो । त्यो गोठमा कोही नबसे पनि रातभरि वत्ती बल्न थाल्यो । बास बस्नेहरू घरमा को हुनुहुन्छ , बास पाइन्छ कि भनी सोध्थे । भित्रबाट पाईन्छ बसौं भन्ने जवाफ आउँथ्यो । बास बस्दा खानेकुरा विस्तारा सबैको राम्रो व्यवस्था हुन्थ्यो तर त्यहाँ मान्छे भने कोही थिएनन् । कतै कुनाबाट आवाज आउँथ्यो खाना खाएर आराम गर्नु होला । यही रीतले धेरै वर्षहरू बिते । त्यस स्थानमा जो बास बस्थे तिनीहरूलाई यो बारेमा थाहा भए पनि उनीहरू दैवी शक्तिमा विश्वास राख्दथे । सारमा के भएको हो भन्ने बारेमा कसैले पत्ता लगाउन सकेनन् ।

रातभरि बत्ती बल्ने र पाहुनाको सत्कार हुने गोठ दिनको समयमा गोवरै गोवरले भरिएको एउटा गोठमा परिणत हुन्थ्यो । यो के भएको र कसरी हुन्छ भन्ने कुरा कसैले बुझ्न सकेनन् । एक त मान्छे डराएर त्यस बारेमा कुरा गर्नै चाहँदैनथे । अर्को कुरा यो समय भनेको भूत, प्रेत र मसानको समय थियो । यी तत्वसँग मान्छेको ज्यादा नै डर थियो । कोही कोही भन्थे, "यो ईन्द्रजाल गर्नेको खेल हुनुपर्छ । जो बाहुनको खेतमा पानी लगाइदिन्छ र आफ्नो मन्त्रद्वारा पाहुनाको सेवा गर्छ ।"

एकदिन घर्तीकी जहानले पानी नलगाई पनि धान फल्नुको रहस्य पोइसँग जान्न खोजी । घर्ती उसलाई बहाना गरेर रोक्न खोज्थ्यो । अति धेरै जहानले कर गरेपछि घर्तीले जयपति जागेको र यो सारा काम उसले गरेको रहस्य बतायो । यो कुरा बताई सक्ने वित्तिकै बाजेले दिएको वचन-बमोजिम घर्ती पनि मऱ्यो । उसको पनि सद्गत भयो ।

बले मरेपछि जयपति र बलेको फेरि भेट भयो । मैले नभन भनेको कुरा किन भनिस् भनी जयपतिले उसलाई सोधे । मलाई जहानले सधैं करकर गरी । बाजे मरिगए अब उनको गुन र नून दुबै तिमीले भुल्यौ हैन भनी । मैले भने त्यसो होइन बाजे जागेका छन् । उनी आफै खेतमा पानी लगाउँछन् भनी उसलाई बुझाउन सत्य कुरा के भनेथें म पनि मरे भनेर सत्य कुरा घर्तीले भन्यो । त्यसपछि जयपतिले तैले जीवनभर मेरो सेवा गरी साथै रहिस अब पनि तलाइँ साथै राखूँला भन्यो ।

त्यसको एक वर्ष नबित्दै गाउँका केटाहरू काम्न थाले । केटाहरू काम्ने तर नबक्ने गरेको देखी गाउँलेहरूले धामी, झाँकी लगाई बकाउन लगाए । अन्तमा एउटाले आफू जयपति भएको बताउँदै आफ्नो थान स्थापना गर्न अह्रायो र अर्को केटाले आफू बले घर्ती रहेको र उसले पनि थान स्थापना गरी पूजा गर्नु भन्ने बके । म बले घर्ती हुँ र मेरो थान पनि जयपतिकै नजिकमा राखिदे भन्यो । के-के पूजा लिन्छौ भन्दा म जयपति खीर, बावर मात्र लिन्छु भन्यो र मेरो पूजा मंसिरे पूर्णिमामा गर्नु भन्यो । बलेले मेरो पूजा पनि यही तिथिमा गर्नु म हाँस, परेवा, बोका, राँगा र कुखुरा गरी पञ्चबलि लिन्छु भन्यो । बाहुनसँगै बस्नु पर्ने हुनाले सुँगुरको बलि चाहिँ लिन्न भन्यो । त्यसपछि जयपतिलाई खिर-बावर र बलेलाई पञ्चबलि दिइन्छ । यसरी पूजा गर्दा जयपतिलाई दूध र बलेलाई पानीले अभिशेष दिइन्छ । जयपतिको पूजा सकेपछि मात्र उनको थानलाई ढाकेर बलेलाई भोग दिइन्छ । उनीहरूको थान स्थापना पछि यस गाउँमा दुःख विमार नभई सुख शान्ति छायो ।

स्रोतव्यक्ति : महादेवस्थान गाबिस वडा नं. १ बस्ने वर्ष ५७ शम्भुप्रसाद तिम्सेना

# कालो भूत

धेरै वर्ष पहिलेको कुरा हो । हाम्रो खेती राई र गैराबारीमा थियो । त्यस खेतमा पानी लगाउन नजिकमा पानीको मुहान नभएको हुनाले गेलुम खोलाबाट पानी ल्याएर सिंचाई गरीन्थ्यो । कहिलेकाहीँ रातको समयमा समेत पानीको पालो पर्दथ्यो ।

साँझ परेपछि गेलुम खोलामा बाजागाजा सहित भूतहरूको नाचगान सुरु हुन्थ्यो । मान्छेहरू दिनमा पनि त्यहाँ जान डराउँथे । बर्षाको समय खेतीपातीको समय हुन्थ्यो । त्यस बेलाको घनघोर वर्षाले कुलोमा झन् धेरै क्षति पुऱ्याउँदथ्यो । बारबार कुलो बनाउन धाइरहनु पर्दथ्यो । त्यो कामको जिम्मा कान्छावाउ, गुरुदाइ र मेरो थियो । हामीलाई डर लागे पनि हामी त्यो कुलोमा जान आउन बानी परिसकेका थियौ ।

एक दिन असारको रातमा कुलो बिग्रिएर पानी आउन छोड्यो । हामी तीन भाइ कुलो वनाउन गयौ । त्यस समयमा उज्यालोको लागि बाँसको भाटा चिरेर राँको वनाइन्थ्यो । त्यसैको उज्यालोमा यात्रा गर्नु पर्दथ्यो । हामी राँकोको उज्यालोमा जाँदै थियौ , एक्कासि हाम्रो राँको निभ्यो । कान्छावाउले बाल्नको लागि धेरै प्रयास गरेपनि त्यो बलेन । हामी अँध्यारोमा नै हिँड्न थाल्यौ । त्यस बेला खोलामा वाजा र ढोलहरू वजिरहेका थिए ।

गुरुदाइ म अलि सानै थियौ कान्छावाउ त्यस्तै चालिस वर्ष जतिका थिए होलान् । उनले राँको निभेको र बाजाहरू बज्न थालेकाले भतिजाहरू डराउलान् भनेर होला , हामीलाई नडराओ केटा हो केही हुँदैन भन्दै थिए । त्यो बेला हामी कुलाको मुहानमा पुगिसकेका थियौ । हामी त्यहाँ पुगेर कुलो बनाइसक्न लाग्दा एउटा ठूलो चिउरीको रूख पनि लड्यो । हामी केही डरायौं ।

कुलो बनाएर फर्किदै गर्दा गुरु दाइको स्टकोट (भोटो, ज्वारीकोट) कसैले पछाडि बाट तान्न थाल्यो । पर्केर हेर्दा केही पनि छैन । तर पनि गुरु दाइ अघि बढन सक्नु भएन । उहाँले डराउँदै कान्छाबाउलाई भन्नुभयो, “कान्छाबाउ मलाई केले हो तानेर हिँडनै् दिएन पछाडि हेर्दा केही पनि छैन ।” कान्छाबाउले ज्वारीकोट खोल्न भन्नु भयो । गुरु दाइले ज्वारीकोट खोलेपछि त्यो च्यातेको जस्तो आवाज आयो । हामी यतिवेला तीनै जना एकै ठाउँमा थियौं । मैले कान्छाबाउको खुट्टामा हेरैं, “ओहो को जुत्ता त छैन बा ।” म त छक्क परे र सोधे “खै ! बाउ जुत्ता ?  त चुप लागे ।” केही छिनपछि छालाको काँटी नठोकेको जुत्ता भएको हुनाले त्यो त उहाँले लगाएको बेला कसैले तानेको तान्यै गरेर हिँड्न नदिएपछि पहिल्यै खोल्नु भएको रहेछ । (त्यस समयमा स्थानीय चमारले बनाउने जुत्ता नचिप्लियोस् र भूतले नछोवोस् भनेर काँटी ठोक्ने चलन थियो ) हामी साना केटा डराउँछौ भनेर मात्र ले नभनेका रहेछन् । कान्छाबाउले  हावाले मारेको राँको फुक्दा

बल्छ तर भूतले मारेको राँको जति फुक्यो उति मर्दै गएर आगो नै सकिन्छ भन्ने जानकारी दिनुभयो ।

ज्वारीकोटसँगै झुलो चकमक छोडियो । सूर्ती खाने कसरी ? गुरु दाइ छानामा छामछुम गर्न लाग्नु भयो थोरै झुलोफेला पऱ्यो । दर्सिन ढुङ्गा अगेनाको छेउमा थियो । त्यो पनि भेटियो अनि कचियाको सहायताले आगो पारेर रातभरि आगो ताप्दै पानी लगाईयो ।

भोलिपल्ट विहान जुत्ता र ज्वारीकोट लिनका लागि गुरुदाइ र म गयौ । अचम्म जुवाडी त मजाले ऐंसेलुको झ्याङमा पो झुण्डिरहेको छ त । न च्यातिएको छ न त भुइँमा । बूढाले तान्न नसकेर छोडेको जुत्ता पनि  बाटोमा त्यतिकै लडिरहेको भेटियो ।

वर्षा सकिएर माघको दिन आएको थियो । गाउँमा चरनको अभावमा गाईवस्तुलाई बसेनी भन्ने दूधकोसीको किनारमा सारिएको थियो । त्यहाँ पनि रातको समयमा त्यो भूतले धेरै दुःख दिन्थ्यो । भूतले किलोमा बाँधेका बस्तुलाई मान्छेले झैं फुकाएर धपाइदिन्थ्यो । एक दिन हैन, दुई दिन हैन गोठमा बस्ने मान्छेहरू आजित भइसकेका थिए । त्यसबेला अन्तरे भन्ने एउटा केटो पनि विगार गर्नमा कहलिएको थियो । बूढाहरूले पक्कै पनि उसैको काम हुनुपर्छ भनेर चियो गरे । फेरि पनि जव बूढाहरू उँग्न थाल्थे । फेरि भैंसी फुक्थे । बूढाहरूले कसले यो काम गरेको रहेछ भन्ने बुझ्नका लागि गोठ वरिपरि खरानी छरे । त्यहाँ कुनै पाइला थिएनन् । तर पनि बस्तु फुकेका थिए ।

यसबारे तलवाली बूढासँग बुझ्दा यो काम भूतले गरेको हुन सक्ने र भैंसीको किलामा हलोमा ठोक्ने करुवा ठोकिदिए यो काम बन्द हुने बताए । पछि उनले भनेअनुसार गर्दा यो क्रम रोकियो र भैंसीहरू फुक्न छोडे । ती बूढा ज्योतिष र झारफुकको काम समेत गर्दथे ।

एक दिन साँझको समयमा देवीथाने बूढा मोही पार्दै थिए । त्यो समयमा कालो भूत पनि आयो र देवीथाने बूढाझैं मोही पारेझैं गर्न थाल्यो । बूढाले पनि पख् न त भन्ने विचार मनमा आएछ । उनले मोही पारिसकेर नौनी घ्यू झिकेपछि हातमा लागेको नौनी घ्यू हात र खुट्टामा दल्न थालेछन् । त्यो भूत पनि त्यसै गर्न लागेछ । देवीथाने बूढाले भूतलाई खोटोको दुनो ल्याएर दिएँ , ऊ खोटो मजाले दल्न थाल्यो । देवीथाने बूढा अगुल्टाले हातखुट्टा सेकाउन थाले । भूत पनि त्यसै गर्न लाग्यो र उसको शरीरमा दलिएको खोटो पग्लिन थाल्यो र त्यो बल्यो । जब भूतको शरीरमा आगो लाग्यो तब पीडाले कराउदै मरें बाबा मरें । अब म कहिल्यै मान्छेको छेउमा आउँदिन र उसको नक्कल पनि गर्दिनँ भन्दै भाग्यो । त्यो बेलादेखि आजसम्म त्यो कालो भूत फेरि गाउँमा देखिएको छैन ।

स्रोतव्यक्ति : बडहरे गाबिस बडा नं. ३ हात्तिवन बस्ने वर्ष ६५ का श्री एकवल्लभ पौडेल

# ताप

एकादेशमा जोई-पोइ थिए । उनीहरूका दुई छोरा थिए । जेठो छोरा खेतबारीको काम गर्दथ्यो कान्छो भने पढने काममा थियो । जेठो सधैँ गोरू लिएर बिहानै देखि खेत जोत्नका लागि जान्थ्यो । खेतको काम सकिएपछि गाईबस्तु चराउने र घाँस काट्ने काम गर्दथ्यो ।

कान्छोको काम पढ्ने मात्र थियो । बाउचाहिँ सधैं बूढीलाई कान्छो छोरालाई खानामा बिशेष ध्यानदिन अह्राउथ्यो । तर, बूढी भने जेठो छोरा खेतमा काम गर्छ । यो धेरै गल्छ र  भोकाउँछ भनेर उसैलाई बढी खानेकुरा दिन्थी । कान्छो त घरैमा बस्छ । यो घामपानीमा पनि जाँदैन । यसलाई थोरै खाना भए त भइहाल्छ नि बूढी सधै यस्तै सोच्थी ।

एक दिन बूढाले आफूले भनेको कुरामा बूढीले ध्यान नदिएकोले बूढीलाई भन्यो "मैले भनेको कुरामा तेरो बिश्वास रहेनछ । म आज तँलाइ परिक्षण गरेर देखाइदिन्छु ।" सबैले खाना खाइसकेपछि बूढीलाई भन्यो ल एक/एक माना चामल छुट्टा  छुट्टै रुमालमा भिजाएर पोको पार । बूढीले त्यसै गरी । केही समय पछि बूढो बूढीलाई लिएर जेठो छोरा सुतेको ठाउँमा गयो । त्यसबेला जेठो छोरा मजाले घुरेर निदाइरहेको थियो । बूढाले बूढीलाई चामलको पोको छोराको सिरानीको छेउमा राख्न भन्यो । बूढीले ले भने अनुसार गरी ।

बूढाले कान्छो छोराको कोठामा हेर्यो । त्यो बेला कान्छो छोरा पढीरहेको थियो । बूढीलाई इशारा गरी बोलायो र आफू सुत्ने ठाउँतिर लाग्यो । बूढी पनि बूढाको पछिपछि लागि । केही समय पछि कान्छो छोरा पनि सुत्यो । बूढालेले त्यसरी नै चामलको पोको कान्छाको सिरानीमा राख्न बूढीलाई अह्रायो । बूढीले पनि बिस्तारै छोराले थाहा नपाउने गरी बूढाले भने झैं चामलको पोको कान्छाको सिरानीमा राखिदिइन् ।

केही बेर सुतेर कान्छो उठ्यो उसले यताउति हेर्यो । त्यसैबेला आफ्नो सिरानीमा एउटा पोको देख्यो । यो के रहेछ भनी पोको खोलेर हेर्यो । त्यसमा त भिजाएका चामल पो राखिइको छ । केही समय पोकालाई त्यसै छोड्यो र किताबमा केही हराएझैं गरेर खोज्न थाल्यो । त्यसबेला बूढाले बूढीलाई भन्यो, "हेर बूढी अब यसले के गर्छ ।" कान्छो छोराले त त्यो पोकामा भएको चामललाई आफ्नो मुट्ठीमा झिक्दै फटाफट खान थाल्यो । बूढी त्यो बेला छक्क परेर बूढाको मुख हेरिरहेकी थिइन् ।

भोलिपल्ट बिहान जेठो छोराकोमा जाँदा त पोको जहाँ र जस्ताको तस्तै थियो ।

त्यसपछि यसको रहस्यबारे भन्न बूढालाई बूढीले अनुरोध गरीन् । बूढाले खेती किसानीको काम गर्ने मान्छे एकसुरे काम बारेमात्र सोच्दछ । त्यसकारण उसलाई कुनै प्रकारको चिन्ताले सताउदैन । त्यही कारणले जेठो छोरा आनन्दले सुत्न सकेको हो भन्ने कुरा र पढ्नेलाई भने गुरुलाई पाठ बुझाउन नसकेमा दण्डित हुनु पर्ने र गुरु रिसाएमा अझ धेरै समस्या हुने जस्ता कुराले रातभरि सताईरहने हुनाले कान्छो निदाउन नसकेको कुरा बतायो ।

यसरी कामअनुसार खानामा ध्यान दिनु पर्ने कुरामा बूढीको आँखा खुल्यो । बूढीले जेठो छोरा काम गरेपनि हृष्टपुष्ट र कान्छो छोरा काम नगरे पनि ख्याउटे भएको कारण समेत बुझी र काम अनुसार खाना हैन , ताप अनुसारको खाना भन्ने कुरा थाहा पाइन् र कान्छोलाई खानामा बिशेष ध्यान दिन थाली ।

स्रोतव्यक्ति : च्यास्मिटार गाबिस वडा नं. २ निवासी वर्ष ५५ को गणेशबहादुर राई

# सुनकोसी र दूधकोसी

धेरै पहिलेको कुरा हो । त्यस समयमा दूधकोसी दूध जस्तै सेताम्मे भइ बग्दथ्यो । यो नदी पूर्वबाट पश्चिमतर्फ बग्दथ्यो । सुनकोसी पनि सुनजस्तै भइ बग्ने गदथ्यो । सुनकोसी दिदी र दूधकोसी बहिनी थिइन । यी दुबै बग्ने क्रममा थिए । बहिनी आफू हिड्ने बाटोको वरपर खेतको निमार्ण गर्दै अघि बढिन् । उनले आफ्नो जलधार क्षेत्रमा पर्ने क्षेत्रको वरिपरी फलफूलका विरुवा पनि रोप्दै गर्न थालिन । केरा, आँप, लिची, कटहर, अम्बा, मेवा जस्ता फलफूल रोप्दै उनी अघि बढिन । ठाउँठाउँमा सम्म टारीखेतको समेत निमार्ण गरीन् ।

उता दिदी सुनकोसीले बहिनी पहिल्यै गइसकिन होला भन्ने ठानेर कुनै फलफूल रोपिनन् । उनले टारी खेतको पनि निमार्ण गर्न भ्याईनन ।

दुवैको जोरतीमा भेट्ने सल्लाह अनुसार नै उनीहरू आ-आफ्नो क्षेत्रबाट हिडेका थिए ।

जोरतीमा भेट भएपछि बहिनीले दिदीलाई सोधिन् "तिमी कसरी आयौ त दिदी भनेर ।" दिदीले म त तिमी पहिल्यै आयौ होली भनेर हतारहतारमा बगेर आएँ । मैले त अरू केही गर्न नै पाइनँ भनिन । अनि उनले बहिनीलाई तिमीले केके गरेर आयौ त भनेर सोधिन ।"बहिनीले आफूले आफ्नो वरपरको क्षेत्रमा फलफूलको बोट विरुवा रोप्दै खेतको निमार्ण गर्दै आएको कुरा सुनाइन" ।

त्यसबेला दिदीले आफूले गर्न सक्ने काम पनि नगरी खाली बहिनीलाई भेटन र प्रतियोगिता जित्नका लागि मात्र आफू छिटो आएकोमा धेरै रिसाईन । उनले दिदीको मुटुमा चोट पर्ने गरी जोड्ले आफ्नो छालवेगले हिर्काइन र आफू पनि दिदीमा मिसिएर बग्न थालिन । त्यसैले दुधकोशीले सुनकोसीलाई ठेलेर पर पु-याएको हो ।

आज पनि दूधकोसीको किनारमा विभिन्न जातका फलफूल खान पाइन्छ तर सुनकोसी किनारमा त्यस्तो केही पाइदैन ।

स्रोतव्यक्ति : बडहरे गाबिस बडा नं. ८ बस्ने वर्ष ६१ का श्री थिरबहादुर खत्री

# बाध्यता

एकादेशमा कुनै गाउँमा एक किसान बस्ने गर्दथ्यो । उसको परिवारमा पत्नी र छोरा थिए । उसको घरभन्दा तल एउटा नदी थियो । उसको घरको तलतिर र नदीको केही माथिल्लो भागमा सम्म परेको टारी खेत थियो । त्यहाँ बाह्रै काल पानीको दुःख हुँदैन थियो । त्यो खेतमा राम्रो अन्नवाली उत्पादन हुन्थ्यो । किसानले मलका लागि बाख्रा, बस्तु पालेका थिए । पानी, मल र तिनको मेहनतले गर्दा खेतीपाती, बरबगैचा मनमोहक हुन्थ्यो । उनको खेतीपाती हेरेर सबै दंग पर्थे ।

उसकी पत्नी पनि मेहनती, प्रतिवता र असल थिइन् । किसान गोठ धन्दा खेतीपातीमा ब्यस्त हुन्थ्यो । उसकी  जहान घरको सुसेधन्दाका साथै छोराको सह्यार गर्नमा व्यस्त रहन्थी । कहिलेकाहीँ खेतबारीको काममा जाँदा छोरालाई बोकेर जान्थी ।

किसान गोठालो गएको वेलामा मुरली र पिनायो सधै बोकेर जान्थ्यो । खुकुरी, कर्द , झुलो, चममक, भोर्लाको पात ऊ कहिल्यै छुटाउदैनथ्यो । ऊ जंगलमा गएर मुरली र पिनायो बजाउथ्यो । उसको मुरलीको धुन बजाउदा लाग्थ्यो कृष्ण भगवान् नै धर्तीमा आए झैं लाग्थ्यो । अनि विनायोको काङ्ल्याङ काङ्ल्याङ धुनसंग नायूमा नै धर्तीमा आए झैं लाग्दथ्यो ।

गाईबस्तु घरमा ल्याएपछि छोरासँग  आनन्दले खेल्दथ्यो । छोरा पनि विस्तारै बढदै गयो । छारो पनि आफूले सकेको काम बा-आमालाई सघाउथ्यो ।

बिडम्वना, एक दिन वर्षाको समयमा गाईबस्तु लिएर आउँदै गर्दा घर नजिकैको खोलामा आएको बाढीले बस्तुभाउ सहित किसानलाई समेत बगाएर लग्यो । हारगुहार पछि गाउँले आएर बस्तुभाउ र किसानको खोजी गरे तर दुर्भाग्य लाई भेटाउन सकिएन । भोलि बाढी रहेपछि लाई आधा पुरेको अवस्थामा भेटियो ।

केही समयपछि छोराको विवाह भयो । छोराले पनि राम्री असल गुणवान बुहारी ल्यायो । एक वर्षपछि छोरो भए तर पनि ती दुईमा बोलचाल भने थिएन । यो कुराले बूढीलाई चिन्ता थियो । छोराबुहारीको बोलचाल कसरी गराउने भन्ने बारेमा । बोलचाल नभए पनि उनीहरूको घरव्यवहार राम्रै चलेको थियो ।

एक दिन अब बूढीलाई कसरी बोलाउने भन्ने बारेमा उसले बिचार गरेछ । वर्षाको समयमा गाईबस्तु चराएर घरमा आई लुगा फेरेर अगेनाको छेउमा वसेर आगो ताप्न थालेछ । उसले कपडाको फेर भने आगोले भेट्ने गरी राखेर बस्यो । केही छिन पछि बूढी घरभित्र आइन् । उसले बिस्तारै बूढीले देख्ने गरेर लुगाको फेर अगेनामा हाल्यो । बूढीले पनि बाध्यताले भनी, "कोही मान्छेको धोती डढ्यो है" भनेर भनि । बूढाले पनि यै हो मौका भनेर "नबोल्ने मान्छे बोल्न बाँध्य हुनुपर्यो है" भन्दै झुम्रोको आगो निभायो । आफ्नो जुक्तिले स्वास्नीलाई बोल्न बाध्य पारेकोमा लोग्ने पनि खुशि भयो । छोराबुहारीको बोलचाल भएको देखेर आमा झनै खुसी भइन, त्यसपछि सबै परिवार खुसी भई घर ब्यवहार चलाई आनन्दले रहे ।

स्रोतव्यक्ति : दुर्छिम गाबिस वडा नं. ५ निवासी वर्ष ५४ को खम्वराज राई

# दशा

एक समयको कुरा हो । ब्रम्हाद्वारा दशाको उत्पति गरिएछ । यसलाई के काम दिऊँ भनी सोच्दै थिए तर दशा नै ब्रम्हाकोमा मेरो काम के हो भनी सोध्न गएछ । तर त्यो कुरा ब्रम्हासँग सोध्न नसकी त्यसै फर्किएछ । र, विष्णुको तपस्या गर्न थालेछ । उसको तपस्याबाट विष्णु भगवान खुसी भएर वर माग्नलाई भनेछन् । दशालाई के खोज्छस कानो आँखो भने झैं भएछ । दशाले “म हरपल पृथ्वीमा रहेका प्राणीहरूलाई दुःख दिन पाऊँ र मेरो दुःखको कारणले नै उनीहरूको मृत्यु होस् भन्ने वर मागेछ ” विष्णुले पनि तथास्तु भनी वरदान दिएछन् ।

उता विष्णुले दशालाई वरदान दिएको देखेर ब्रम्हा छक्क परेछन् । उनी विष्णुको आज्ञा पनि उलंघन गर्न सक्दैनथे ।

वरदान पाएपछि दशाले आफ्नो कामकाज गर्न थालेछ । दशा जस्लाई लाग्छ उसले दुःख, पीडा, क्षति र मृत्यु समेत व्यहोर्नु पर्थ्यो । अनि उसले आफूले पाएको वरदान शक्तिशाली भएको पायो । दशाको यो अत्याचार देखेर सबै प्राणीहरू मिलेर बिष्णुको तपस्या गरेछन् । तिनीहरूको तपस्यादेखी विष्णु भगवान खुसी भएछन् । विष्णुले तिमीहरूको तपस्यादेखि म खुशी भएँ के वर माग्छौ भनी भनेछन् । दशाले ज्यादा नै दुःख दियो । त्यसैले उसको हरण गरीयोस् भनी वर मागेछन् । मैले दिएको वरदानले गर्दा दशाले यो दुःख दिएछ । अब यसको शक्तिहरण गर्नु पर्यो भन्ने लागेछ र तथास्तु भनी वरदान दिएछन् ।

यता दशाले पनि आफ्नो शक्तिहरण गर्न लागेको कुरा थाहा पाएछ । तर आफूले तपस्या गरी पाएको वर हो कहाँ त्यसै हरण होला भनेर  बिष्णु भगवानलाई भेटन गएछ । अब त यो शक्ति अरूलाई हैन पहिला विष्णुलाई नै देखाउनु पर्यो भन्ने लागेछ । दशा मनुष्यको रूप धारण गरेर एउटा गरीबको घरमा गएछ । त्यो बेला गरीबको घरमा टपरीमा राखेर खोले खान लागेका थिए । त्यसै बेला दशा त्यहाँ पुगेको हुनाले उनीहरूले खादै गरेको खोले पोखिएछ । ला दशा लागेको बेला यस्तै हुन्छ भनेर घरवालाले भनेछ । त्यसपछि दशाले तलाई अझै लाग्न बाँकी छ भनेछ । त्यसबेला विष्णु भगवान पनि यो दशाले के गर्न लाग्यो भनी विचार गर्न मान्छेको भेषमा त्यही पुगेका थिए । उनले यो सम्पूर्ण कुरालाई हेरिरहेका  थिए । त्यस पछि विष्णु भगवान्ले यस्तालाई होइन । सक्छस् भने मलाई लाग । तँ पाजीको शक्तिको परिक्षण गर्छु भनेछन् । त्यो दशाले तपाइँको आज बेला भएको छैन भोलि बाह्र बजे तपाइँलाई लाग्छु भनेछ । विष्णु पनि मलाई दशा लाग्छु भनेको छ त्यो आउनु भन्दा पहिल्यै म सुँगुरको भेष बदलेर मजाले अहालमा बसिरहन्छु

भन्ने सोचेर सुँगुर बनेर अहालमा बसिरहेका थिए । त्यसबेला दशा पनि आएर हेरेछ । विष्णु भगवान त मजाले सुँगुर भएर आहालमा नुहाइरहेको देखि त्यहाँबाट अलिपरको चौतारीमा गई आराम गरेछ । यतिबेला भइसक्यो तरपनि दशा आएन । अव त आफ्नो रूप धारण  गर्नु पर्यो भनी आफ्नो रूप धारण गरेर यसो विचार गर्छन् त दशा त चौतारामा आराम गरेर बसिरहेको छ । विष्णु पनि दशालाई भेटौं भनेर त्यतै लागेछन् । त्यहाँ पुगेर दशालाई खै, त तिमी आएको भनी सोधेछन् । दशाले पनि म तपाइँलाई भेट्न दिएको समय भन्द अगाडि नै तपाइँमा लागे त्यसपछि तपाइँ सुँगुर बन्नु भयो ।  मलाई, तपाइँ बिष्टाखाने सुँगुर बनेको देखेर घिन लाग्यो र यहाँ आएर बसिरहेको छु । त्यसपछि आफूले दिएको वरदानको शक्ति विष्णुले पनि थाहा पाएछन् । विष्णुले दशालाई बिदा दिएर आफू पनि बैकुण्ठ गएछन् । दशाले विष्णु भगवान माथि त विजय गरेको छ भने हामी जस्ताको त के लाग्छ । त्यो समयदेखि आजसम्म पनि दशाले आफ्नो बलले झगडा, रीस, र धनजनको क्षति गरीरहेको छ ।

स्रोतव्यक्ति : दुर्छिम गाबिस वडा नं. ५ निवासी वर्ष ५४ को खम्वराज राई

चौथो परिच्छेद

# खोटाङ जिल्लाको हलेसी क्षेत्रमा सङ्कलित लोककथाको विश्लेषण

## ४.१ कालोभूत

### ४.१.१ कथावस्तु

रातिको समयमा हिँड्डुल गर्दा मान्छेको राँको निभाउने, लुगा कपडा तान्ने र वस्तुभाउ फुकाउने काम कालोभूतले गरेको छ । कालोभूत मान्छेको जसरी नै काम गरी उनीहरूको नक्कल गर्ने एउटा सशक्त भूतको रूपमा आएको छ । पछि तलवाली को सहयोगमा हलोमा ठोक्ने करुवा बस्तुभाउको किलामा ठोके पछि उसले वस्तुभाउ फुकाउन छोडेको छ भने देवीथानेले मोही पारेको समयमा गोठमा आई उनको नक्कल गर्दा देवीथाने ले आफूले नौनी घ्यू दलेर भूतलाई खोटो दल्न दिँदा भूतले खोटो दलिसकेर आगोमा सेकाउँदा आफ्नो शरीरमा आगलागी भई त्यस स्थानबाट अब आउँदिन् भन्दै भागेको र फेरि नआएको कुरा यस कथामा वर्णित छ ।

### ४.१.२ पात्र

**१ कालोभूत**

कालोभूत यस लोककथाको प्रमुख पात्रको रूपमा आएको छ । ऊ मानिसको कपडा तान्ने, राँको निभाउने, बस्तुभाउ फुकाउने जस्ता काम गरी मानिसलाई दुःख दिने एउटा छुल्याहा पात्रको रूपमा देखापरेको छ ।

**२ कान्छाबाउ**

एक अधबैंसे मानिस र भतिजाहरू डराउलान् भनेर भूतले राँको निभाउँदा पनि नडराओ केटा हो केही हुँदैन भनी एउटा अभिभावकीय भूमिका निर्वाह गर्ने र भूतले दुःख दिदा पनि आफ्नो खेतीपातीमा लागिरहने एक कुशल कृषकको रूपमा देखापरेका पात्र हुन ।

**३ गुरुदाइ**

उनी कान्छाबाउका एक सहयोगी हुन ।  आफ्नो कपडा भूतले तान्दा पनि पहिलेआफै प्रयास गर्ने र नसकेपछि मात्र कान्छाबाउको सहयोग माग्ने एक साहसी पात्र हुन् । गोठमा आएरपछि झुलो, चकमक खोजी आगो पारेर कान्छाबाउलाई सूर्ती खुवाउने र आफू पनि खाने, रातमा भूतले तानेर लगेका लुगा लिन नडराइ जाने एक निडर व्यक्तिको रूपमा आएका पात्र हुन् ।

**४ म**

पात्र यस कथाको कथावाचक हो । उसले कथा वाचकको भूमिका निर्वाह गरेको छ । सम्पूर्ण घटनालाई विवरणात्मक रूपमा वर्णन गर्दै कान्छाबाउको सहयोगीको भूमिका समेत  निर्वाह गर्ने एउटा सत् पात्रका रूपमा म पात्र आएको छ ।

**५ तलवाली बूढा**

उनी एक ज्योतिष र झारफुको काम गर्ने व्यक्ति हुन् । उनको सहयोगमा भूतले बस्तुभाउलाई फुकाउन सकेको छैन । उनी मान्छेको दुःख-पीडामा सहयोग गर्ने एक असल र सहयागी पात्रका रूपमा आएका पात्र हुन् ।

**६ देवीथाने बूढा**

उनी यस कथाका निडर, संयम र योजनाबद्ध तवरले आफ्नो काम पुरा गरी अरूलाई समेत सहयोग गर्ने एक सत् पात्रका रूपमा काम गर्ने पात्र हुन् । वर्सौ देखि दुःख दिइरहने भूतलाई आफूले नौनी घ्यू दल्दै भूतलाई खोटो दिएर आगो लगाई भूत भगाउने काम उनले गरेका छन् ।

**४.१.३ उद्देश्य**

यस लोककथामा समाजमा धेरै प्रकारका व्यक्ति रहेका हुन्छन् । ती सबैको भूमिका एक अर्काको सहयोगीका रूपमा हुन्छ । एउटा भूत भगाउनका लागि धेरै जनाको जुक्तिको आवश्यकता रहेको छ । जीवनमा जस्तो सुकै समस्या आइलागे पनि त्यसलाई बुद्धि लाएर समाधान गर्नु पर्छ भन्ने कुरा यस कथाले शिक्षा दिएको छ ।

**४.१.४ भाषाशैली**

लोककथा समाजका अगुवा व्यक्ति र कम पढेका व्यक्तिले मनोरञ्जन र शिक्षा प्रदान गर्ने उद्देश्यले भनिने हुनाले यसको शैली सरल र सहज छ ।  कथनको सुरुवात, मध्य र अन्त्य तीनै कुराको संयोजन मिलेकोछ ।

**४.१.५ निष्कर्ष**

कालोभूत बाहेक सबै पात्रहरू यस लोककथाका सत् पात्रको रूपमा आएका छन् । कान्छाबाउ खेतीमा लाग्ने एक कुशल किसान हुन । गुरुदाइ सहयोगी पात्रको रूपमा पनि उल्लेख्य काम गर्ने एक इमान्दार व्यक्ति हुन । म पत्र आफै कथावाचक भएको हुनाले उसले सबै घटनाको बेलीबिस्तार गर्ने चाँजोपाजोको काम गरेको छ । तलवाली ले आफ्नो

बुद्धिका कारण भूतले फुकाएका बस्तुभाउलाई फुकाउन नसक्ने जुक्ति दिएका छन् । उनी पनि यस लोककथाका सत् पात्रहुन । देवीथाने ले आफ्नो बुद्धि प्रयोग गरी भूतलाई फेरि कहिल्यै नआउने गरी धपाउने र सबैलाई  सहयोग पुयाउने समाज सुधारक पात्रका रूपमा आएका पात्र हुन । यसरी हेर्दा एउटा खराब पात्रलाई समाज बाट हटाउनका लागि धेरै जना सत् पात्रको आवश्यकता रहने आ-आफ्नो क्षेत्रबाट सबैले सहयोग गर्नु पर्ने कुरालाई यो लोककथाले देखाउन खोजेको छ ।

## ४.२ ठेगा

### ४.२.१ कथानक

आफ्नो अर्थ बिनाको नाम भएको कारण राम्रो नामको खोजीमा १४ वर्षको उमेरमा घर छोडेर हिँड्ने काम ठेगाबाट भएको छ । उसले राम्रो नामको खोजीका धेरै दुःख पाएको छ र दुःख पाए पनि उसले जीवनमा धेरै कुरा सिक्न पाएको छ । अमर भन्ने मानिस मरेको थाहा पाएर जो अमर छ , ऊ कसरी मर्छ भन्ने तर्क उसको मनमा उब्जिएको छ । लक्ष्मीले खलो बढारेको अर्को घटनाले उसलाई भने चिन्तामाडुवाइदिएको छ । धनपतिसँगको भेटले त ऊ झनै निराश भएको छ । नाम धनपति र काम भीख माग्ने यो कस्तो अनर्थ हो भनेर । अन्तमा  आफ्नो ठेगा नाम सबैभन्दा राम्रो छ भन्ने आत्म ज्ञानलाई बुझी आमालाई संझेर घर फर्कने काम ठेगाबाट भएको छ ।

### ४.२.२ पात्र

#### १ ठेगा

यस लोककथाको मुख्य पात्रका रूपमा ठेगा देखा परेको छ । उसले आफूले राम्रो नामको खोजीमा धेर दुःख पाएको र अन्तमा आत्म ज्ञान प्राप्त गरी घर फकर्ने र आमाको धेरै संझना राख्ने व्यक्ति हो । ऊ यस लोककथाको मुख्य पात्रका रूपमा आएको छ  । उसको भूमिका आफू सँग जे छ त्यसमा नै खुशी हुन र नभएको कुरा खोज्दा दुःख पाइने सन्देश दिने एक सकारात्मक पात्र हो ।

#### २ अमर

एक मुर्दाको रूपमा आएको पात्र हो । यो आफैमा निर्जीव पात्र भए पनि उसले ठेगालाई धेरै शिक्षा प्रदान गर्ने काम गरेको छ ।

**३ लक्ष्मी**

नामले धनधान्यकी देवी भएर पनि खलो बढार्ने काम गर्ने एक कुशल सन्देश प्रदान गर्ने पात्रका रूपमा आएकी पात्र हुन् ।

**४ धनपति**

नाम धनपति भए पनि बिचरा गरीबीका कारण ऊ भीख मागेर आफ्नो जीवन निर्वाह गर्ने दु:ख पाएको गरिव पात्रका रूपमा उसको भूमिका रहेको छ । उसले पनि ठेगालाई शिक्षा प्रदान गर्ने काम गरेको छ ।

**५ आमा**

आमाको र जन्तीको यहाँ कुनै उल्लेख्य भूमिका नभए पनि आमाले छोराको चिन्ता गरेको र छोराले पनि आमालाई संझेर घर आएको हुनाले ऊ एक सामाजिक विचारक र सुधारको रूपमा आएका पात्रहुन ।

### ४.२.३ उद्देश्य

यसकथाले मानिसले आफू सँग भएको कुरालाई बिर्सन्छ । नभएको कुराको खोजमा लाग्दा अनावश्यक दु:खका साथै समय समेत गुमाउँछ । यहाँ ठेगाले आफ्नो समयको बवार्दी गर्दै गए पनि उसले नयाँ ज्ञान पाएको छ । त्यही आत्म ज्ञानका पाएर नै ऊ घर फर्किएको छ ।

### ४.२.४ भाषाशैली

यस लोककथामा प्रत्यक्ष रूपमा ठेगा र मलामीका बीच पहिलो संवाद भएको छ । दोस्रोमा ठेगाले लक्ष्मीसँग संवाद गरेको छ । तेस्रोमा उसको भेट धनपतिसँग भएको छ । धनपतिसँग भएको भेटबाट ऊ पुरै निरास भएको छ । त्यपछि आफूसँग भएको कुरा आफूले खोजेको कुरा भन्दा ठूलो रहेको कुरा थाहा पाएर ठेगा घर फर्किएको छ । यसरी हेर्दा यस कथामा सबै पात्रहरू चलायमान रहेका छन् ।

### ४.२.५ निष्कर्ष

जीवनमा आफूले सोचेको जस्तो नहुने र आफूसँग भएको कुरालाई बेवास्ता गरी नभएको कुराको खोजी गर्दा दु:ख बाहेक अरु केही प्राप्त नहुने कुरा यस लोककथाले सन्देश दिएको छ ।  राम्रो नामको खोजीमा जाँदा आफूले धेरै दु:ख पाएपनि केही ज्ञान

प्राप्त भएको र ज्ञानकै कारणले गर्दा आफू घर फर्की आमासँग भेट भएको सन्देश यस लोककथाले दिएको छ ।

## ४.३ एक उपाय तीन वर

### ४.३.१ कथानक

यस कथाले एकजना अन्धो, गरीब र निःसन्तान व्यक्तिलाई भगवानले एउटा मात्र वरदान मागे पूरा गरीदिने बचन दिएपछि, उसले सोच विचार गर्दै गर्दा सरस्वती प्रकट भइ उसलाई वर माग्न सहयोग गरेको र सोही अनुरूप वर माग्दा आफूले तीनतले घरको झ्यालबाट आँगनमा बसेर सुनको थालीमा आफ्नो छोराले खाना खाइरहेको देख्यो । यसरी आफ्नो अन्धोपन, गरीबी, निसन्तान उसले तीनै कुरा प्राप्त गरेको छ । पीडामा परेको व्यक्तिलाई सबैले सहयोग गर्छन भन्ने यस कथाको सन्देश रहेको छ ।

### ४.३.२ पात्र

**१ अन्धो**

अन्धो यस कथाको प्रमुख पात्रका रूपमा आएको छ । ऊ गरीब र निःसन्तान पनि छ । अन्धो भएर पनि उसले महादेवलाई भिक्षा दिएको छ । ऊ धर्ममा विश्वास गर्ने पात्र हो ।

**२ भिक्षु**

अन्धोको उद्दारका लागि आएका जोगी रूपी महादेव हुन । अन्धोलाई वर माग्न लगाएर आँखा देखाउने र सन्तान दिने काम उसबाट भएको छ ।

**३ सरस्वती**

के वर मागूँ आफूलाई तीन थोक आवश्यक छ भनेर टोलाएको वेला उपाय सिकाएर अन्धोलाई गुन लगाउने काम गर्ने पात्र हुन ।

### ४.३.३ उद्देश्य

यस कथाको मूल उद्देश्य भनेको दुःखमा परेकालाई सहयोग गर्नु रहेको छ ।

### ४.३.४ भाषाशैली

यस कथाको भाषाशैली प्रश्नोत्तर शैलीको रहेको छ । भिक्षुले भिक्षा माग्नु । अन्धोले वर माग्नु र सरस्वतीले कानमा उपाय बताउनु यसै शैलीका उदाहण हुन ।

### ४.३.५ निष्कर्ष

अन्धोपना, गरीबी र निःसन्तान भएपनि भिक्षा दिन तयार भएकै कारणले सन्तान पाप्त गरी, आँखा देख्न र सम्पति पाउन सम्भव भएको छ । यो कथाले जस्तो आइपर्छ त्यस अनुरूप चल्न सिक्नु पर्ने एउटा सन्देश दिएको छ भने सानो जुक्तिले पनि ठूलोकाम गर्न सकिने अर्को सन्देश गरी दुईटा सन्देश दिएको छ ।

## ४.४ अल्छीको विजय

### ४.४.१ कथानक

यस लोकथाले समाजमा कहिलेकाहीँ अल्छीको समेत अवसर आएको कुरालाई देखाउन खोजेको छ । अल्छेले कुनै काम गर्न नगरे पनि अल्छी प्रतियोगितामा के कस्ता अल्छेहरू आउदा रहेछन् हेनुपर्यो भन्ने हेतुले प्रतियोगितामा जानु र हात उठाउन समेत अल्छी गरेका कारण सबैभन्दा अल्छेको रूपमा उपहार ग्रहण गरेको छ ।

### ४.४.२ पात्र

**१ अल्छी**

अल्छी यस कथाको प्रमुख पात्र हो । ऊ कुनै काम नगरी प्रतियोगीता जित्ने पात्रको रूपमा आएको छ ।

### ४.४.३ भाषाशैली

यस कथाको भाषाशैली वर्णनात्मक रहेको छ ।

### ४.४.४ उद्देश्य

यस कथाको मुख्य उद्देश्य भनेको समय अनुसार चल्न जाने मान्छेले विना श्रम पनि सफलता पाउन सक्छ भन्ने रहेको छ ।

### ४.४.५ निष्कर्ष

यो कथाले एउटा अल्छेले प्रतियोगिता जितेको देखाएर श्रम भन्दा बुद्धि ठूलो हुने कुरालाई देखाउन खोजेको छ ।

### ५.५ दशा

#### ५.५.१ कथानक

यो कथाले दशाले तपस्या गरी विष्णुबाट वरदान पाएको । त्यै वरदानका कारण उसले मानिसहरूलाई दुःख दिएको र त्यो दुःख सहन गर्न नसकि विष्णुले के गरीब निमुखालाई दुःख दिन्छस्, सक्छस् भने मलाई लागेर देखा भन्दा तपाइँको पालो आज छैन भोलि बाह्र बजे हो भन्यो । यता बिष्णु भगवान आज दशा आउछ भनेर सुँगुरको रूप धारण गरेर आहालमा बसीरहेका हुन्छन् । त्यसबेला दशा त्यहा पुग्छ । विष्णुलाई सुँगुर बनेर बसेको देखेर दशा चौतारामा बसेको हुन्छ । विष्णु अब दशा आएन रूप बदल्नु पर्यो भनेर हेर्छन त दशा त चौतारामा बसी रहेको देख्छन् । त्यहाँ गएर किन नआएको तँ दशा भन्दा म तपाइँलाई दिएको समय भन्दा पहिल्यै तपाइँमा चढे र तपाइँ सुँगुर बन्नु भयो । मलाई छक्याउदा मैले नै तपाइँलाई छक्काए भन्यो विष्णु लाजले रातो भए । त्यसबेला देखि दशाले सताउन थाल्यो । र सबैलाइ दशा लाग्ने कुरा यस कथाले उजागर गरेको छ ।

#### ५.५.२ पात्र

**१ दशा**

यो कथाको मुख्य पात्रको रूपमा आएको पात्र हो । उसको काम मानिसलाई दशा लगाउँनु रहेको छ । ऊ मानिसलाई समस्यामा पार्ने एक खराव पात्र हो ।

**२ विष्णु** के गरीबलाई दशा लगाउछस् सक्छस भने मलाई लगा भनी गरीबको सहयोग गर्न खोज्ने पात्रहुन् । तर आफूले दिएको वरले दशा वलवान भएको कुरा उनले बुझेका छैनन् । उनी आफै आफूले दिएको वरदानको कारण सुँगुर वनेर आहाल वस्नु पर्ने निरिह पात्रको रूपमा आएका छन् ।

#### ५.५.३ उद्देश्य

विना सोच विचार गरेको कामको फल आफैले भोग्नु पर्छ । काम गर्दा सोच विचार गरेर गनु पर्ने यस कथाको उद्देश्य रहेको छ ।

#### ५.५.४ भाषाशैली

आहाल, सुँगुर चौतारो जस्ता शब्दहरूको प्रयोगले गर्दा गाम्रीण परिवेशको साधारण परिवेश र भाषाशैली यस कथामा रहेको पाइन्छ ।

#### ५.५.५ निष्कर्ष

जनुसुकै कुरा पनि अरूलाई पर्दा ठीक झैं लागेपनि आफैलाई परेपछि मात्र त्यो कामको सहि मूल्याङ्कन हुने कुरालाई यस कथाले शिक्षा प्रदान गरेको छ ।

पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ उपसंहार

यस अध्ययन पत्रको पहिलो परिच्छेदमा अध्ययन पत्रको परिचय राखिएको छ । जसमा समस्या कथन, अध्ययन पत्रको उद्देश्य, अध्ययनको सीमा, पूर्वकार्यको समीक्षा, अध्ययन विधि र परिच्छेद विभाजन गरिएको छ ।

दोस्रो परिच्छेदमा अध्ययन क्षेत्रको परिचयमा खोटाङ जिल्लाको भौगोलिक अवस्था लगायत महत्वपूर्ण विवरण राखी हलेसी क्षेत्रको समेत जानकारी समावेश गरिएको छ ।

तेस्रो परिच्छेदमा खोटाङ जिल्लाको हलेसी क्षेत्रमा सङ्कलित ठेगा, मूर्ति, अल्छीको विजय, एक उपाय तीन वर, जयपति थानी, कालो भूत, ताप, सुनकोसी र दूधकोसी, बाध्यता र दशा शीर्षकका दश वटा लोककथा समावेश गरिएको छ ।

चौथो परिच्छेदमा सङ्कलित कालोभूत, ठेगा, एक वर तीन उपाय, अल्छीको विजय र दशा लोककथाको कथानक, पात्र, भाषाशैली, उद्देश्य र निष्कर्ष जस्ता कथातत्वका आधारमा कथाको विश्लेषण गरिएको छ ।

सङ्कलित लोककथामा भूतप्रेतसँग सम्बन्धित कथामा कालो भूत र जयपति थानी रहेका छन् । त्यसै गरि धार्मिक कथामा मूर्ति, दशा र एक उपाय तीन वर रहेका छन् । सामाजिक कथामा ताप, सुनकोसी र दूधकोसी, अल्छीको विजय र बाध्यता रहेका छन भने उपदेशात्मकमा ठेगा रहेको छ ।

पात्रहरू स्वभाव र प्रकृतिका दृष्टिले सहयोगी, मायालु, बुद्धिमान, सहनशील र कर्तव्यपरायण रहेका छन् । कुभावना भएका खलपात्रहरू थोरै छन । केही पात्र निर्बल र कमजोर समेत रहेका छन् । नारी पात्रको तुलनामा पुरुष पात्रको संख्या धेरै रहेको छ । सजीव र निर्जीव दुबै खाले पात्र रहेका छन् । पेसागत दृष्टिले कृषि, अलौकिक र पुरोहित्याइँ कार्यसँग सम्बन्धीत छन् ।

भाषाशैलीका हिसावले वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । यसको अलवा श्लोक र उखान टुक्काको समेत प्रयोग भएको पाइन्छ ।

यसरी हेर्दा सामाजिक, धार्मिक र अलौकिक  परिवेशको अनुसरण गर्दै खोटाङ जिल्लाको हलेसी क्षेत्रमा प्रचलित लोककथाहरू विद्यमान रहेका छन् । यी लोककथाको

संरचना सरल र सहज रहेको छ । सो क्षेत्रमा लोक जीवनमा आधारित अन्य सामग्री धेरै मात्रामा फेला परिरहेका छन् । जसको संकलन, अध्ययन तथा विश्लेषण आवश्यक छ ।

## ५.२ निष्कर्ष

खोटाङ जिल्लाको हलेसी क्षेत्रमा महादेवस्थान, मंगलटार, दुर्छिम, बडहरे, च्यास्मीटार, डिकुवा, बाहुनीडाँडा, सल्ले, अर्खौले र धितुङ गाविस रहेकाछन् । त्यस मध्ये महादेवस्थान, मंगलटार, दुर्छिम, बडहरे, च्यास्मीटार, डिकुवा, बाहुनीडाँडा गाविसमा प्रचलित लोककथालाई यस अध्ययन पत्रमा प्रस्तुत गरिएको छ । यस क्षेत्रमा सबै जातजातीको वसोवास रहेता पनि राई जातिको बाहुल्यता रहेको छ । यो क्षेत्र खोटाङ जिल्लाको पश्चिमी क्षेत्रमा रहेको छ ।

यस अध्ययन पत्रमा १०(दश) वटा लोककथा संकलन गरिएको छ । सङ्कलित लोककथामा भूतप्रेतसँग सम्बन्धित लोककथा कालो भूत र जयपति थानी रहेका छन् । त्यसै गरि धार्मिक कथामा मूर्ति, दशा र एक उपाय तीन वर रहेका छन् । सामाजिक कथामा ताप, सुनकोसी र दूधकोसी, अल्छीको विजय र बाध्यता रहेका छन भने उपदेशात्मकमा ठेगा रहेको छ । यी लोककथाले सामाजमा मानव जीवनमा तिनले भोगेका समस्याहरूलाई देखाएका छन् ।

# सन्दर्भसूची

**खोटाङ जिल्ला पार्श्वचित्र**, खोटाङ : जिल्ला विकास समिति, २०७०

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौ : एकता प्रकाशन, २०५७

बन्धु, चुडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स, २०६८

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य,**

काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३

सुवेदी, धनप्रसाद, **खोटाङ जिल्ला विगत र वर्तमान, काठमाडौँ** : रावासावा प्राज्ञिक समाज, २०६६

# परिशिष्ट

## खोटाङ जिल्लाको नक्सा

